महालेखापरीक्षकको वार्षिक प्रतिवेदन

२०७८

बेलबारी गाउँपालिका, मोरङ

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

Serving the Nation and the People

दूरदृष्टि (Vision)

जनहितकालागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुन प्रयत्नशील रहने ।

(We strive to be a credible institution in promoting accountability, transparency and integrity for the benefit of the people)

गन्तव्य (Mission)

सरोकारवालालाई सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा आश्वस्त पार्न स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide independent and quality audit service to assure our stakeholders that the public funds are efficiently used)

मूल्य मान्यता (Core Values)

निष्ठा	(Integrity)
स्वतन्त्रता	(Independence)
व्यावसायिकता	(Professionalism)
पारदर्शिता	(Transparency)
जवाफदेहिता	(Accountability)

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General

बबरमहल, काठमाडौं, नेपाल

Babar Mahal, Kathmandu, Nepal

(प्रदेश नं.१ र प्रदेश नं.२ लेखापरीक्षण महानिर्देशनालय)

पत्र संख्याः २०७८/७९

च.नं. १४६

मितिः २०७८/५/४

श्री प्रमुखज्यू,
बेलबारी नगरपालिका,
नगर कार्यपालिकाको कार्यालय,
मोरङ ।

विषयः लेखापरीक्षण प्रतिवेदन ।

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ बमोजिम प्रयोजनको लागि अनुरोध छ ।

(नेत्र कुमार खत्री)
नायव महालेखापरीक्षक

Phone: 4258174, 4266034, 4255707, A.G.Fax: 977-1-4268309, Fax: 977-1-426-27-98, Post Box: 13328
Email : aag.mgmt@oagnep.gov.np

"जनहितका लागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धनमा विश्वासनीय लेखापरीक्षण संस्था"

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययीता, कार्यदक्षता, प्रभावकारीता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७६।७७ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद ब्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ती र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय ब्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रबर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ । प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययिता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शिता प्रबर्द्धन हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय ठेक्का ब्यवस्थापनमा स्पष्ट कानूनी ब्यवस्था नभएको, आय सङ्कलन न्यून रहेको, पर्याप्त आधार बेगर राजस्व छुट दिएको, बक्यौता असुलीमा प्रभावकारीता नआएको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानून विपरीत सोझै खरिद गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, बचत अनुदान फिर्ता नगरेको, वितरणमूखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृत्ति देखिएका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिएबमोजिम जनसहभागिता नजुटेको, दीगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक ब्यवस्थापनतर्फ आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, कर्मचारी नियुक्ति तथा बढुवामा प्रदेश लोकसेवा आयोगको परामर्श नलिएको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, बैंक हिसाब विवरण तयार गर्ने नगरेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा लेखा समितिको गठन, कार्यक्षेत्र, लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फछर्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा हुन बाँकी रहेको पाइएको छ । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरु सुधार गरी गत विगतका बेरुजु उपर अपेक्षितरुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन ।

समय र जनशक्तिको सीमितताको बावजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको थियो । लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका ब्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, भौतिक पूर्वाधार र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

(टंकमणि शर्मा, दंगाल)

२०७८ भाद्र ४ गते **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

(प्रदेश नं १ र २ लेखापरीक्षण महानिर्देशनालय)

संख्याः २०७८/७९ मितिः२०७८।५।४

च.नः १४५

श्री प्रमुखज्यू,
बेलबारी नगरपालिका,
नगर कार्यपालिकाको कार्यालय,
मोरङ ।

विषयः लेखापरीक्षण प्रतिवेदन

कैफियत सहितको राय

हामीले बेलबारी नगरपालिकाको आर्थिक वर्ष २०७६।७७ को वित्तीय विवरण र त्यससँग सम्बन्धित आय व्यय विवरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७७ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७६।७७ को वित्तीय विवरण र त्यससँग सम्बन्धित आय व्यय विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानून र परम्परा बमोजिम सारभूतरुपमा सहि तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७७।११।१ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिकृया साथ प्रमाण कागजात पेश हुन नआएकोले बेरुजु फछ्र्यौट भएको छैन । अन्तिम प्रतिवेदन पाना तेत्तिस (३३) यसैसाथ संलग्न छ ।
२. लेखापरीक्षणबाट रु. ९ करोड ५४ लाख ८८ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु. ३ करोड ३४ लाख २० हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु. २ करोड ८५ लाख ११ हजार, नियमित गर्नुपर्ने रु. २ करोड ६४ लाख ७७ हजार र पेश्की बाँकी रु. ७० लाख ८० हजार रहेको छ ।
३. आम्दानी तथा खर्चको श्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकीन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं ।त्यसका लागि स्वीकृत आचारसंहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ र स्थानिय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । नगर कार्यपालिका, नगर प्रमुख र प्रमुख प्रशासकीय अधिकृत बेलबारी नगरपालिकाको वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ति समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनि उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्तता सम्प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ति पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तिलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(नेत्र कुमार खत्री)
नायब महालेखापरीक्षक

वेलबारी नगरपालिका
लेखापरीक्षण प्रतिवेदन
२०७६/७७

परिचयः स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायीक अभ्यासलाई संस्थागत गर्न र स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले नगरपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने हरेक कार्यमा सहकारिता, सह-अस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका हरेक काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई लाभको वितरणमा सुलभ र गुणस्तरीय सेवा प्रदान गर्नु नै नगरपालिका स्थापनाको प्रमुख उदेश्य हो । यो नगरपालिका कुल १३२.७९ वर्ग कि.मी. क्षेत्रफलमा फैलिएको र हाल ११ वटा वडाहरुमा बिभाजन गरिएको छ । वि.सं. २०६८ को जनगणना अनुसार कुल जनसंख्या ६५ हजार ९ सय ७४ रहेको छ।

स्थानीय सञ्चितकोष - आर्थिक वर्ष २०७६।७७ को स्थानीय सञ्चित कोष आय-व्यय हिसावको संक्षिप्त अवस्था निम्न बमोजिम रहेको छः

नगरपालिकालाई एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या, २०७४ स्वीकृत भएको, नेपाल सार्वजनिक क्षेत्र लेखामान (NPSAS) बमोजिमका फारामहरु सहितको प्राप्ति र भुक्तानीको एकीकृत बार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) अनुसार नगरपालिकाको यस वर्षको आय व्यय विवरण निम्नानुसार रहेको छ ।

प्रासी भुक्तानी हिसाव

२०७६ श्रावण १ देखि २०७७ आषाढ ३१ सम्म

विवरण	टिप्पणी	यस वर्ष रु.			
		बजेट	आफैले गरेको प्राप्ति/भुक्तानी	वस्तुगत/सोझै भुक्तानी	जम्मा
प्रासी (क+ख)		१२५४५४९९९७	१०९३६६२४१२	६८५०००	१०९४३४७४१२
क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने)		१००९४०१९९७	८६०८८८६२५		८६०८८८६२५
११००० कर	११	१७६१८९०००	१२२६९०३९८		१२२६९०३९८
१३००० अनुदान		५६७९३२९९७	५७०६८८५६७		५७०६८८५६७
संघीय सरकार	१२	४७२५३४९९७	४७०९२५९९७		४७०९२५९९७
प्रदेश सरकार	१२	६५३९८०००	६६३९८०००		६६३९८०००
जनसहभागिता	१२	३००००००००	३३३६४५७०		३३३६४५७०
१४००० अन्य राजस्व	११	३१०५००००	६१८०५०९१		६१८०५०९१
३३००० दायित्व		१३०००००००			
ख. अन्य प्राप्ति		१९७८३०००	१६०७७३६७		१६०७७३६७
वितरण गर्न बाकी राजस्व					
कोषहरु		१९७८३०००	१६०७७३६७		१६०७७३६७
धरौटी					
संघीय प्रदेश सरकार वा अन्य कार्यक्रम		२२५३६५०००	२१६६९६४२०	६८५०००	२१७३८१४२०
भुक्तानी (ग+घ)		१२५७१३९५००	९०१९१२४२७	६८५०००	९०२५९७४२७
ग. भुक्तानी (सञ्चित कोषबाट)		१०११९९१५००	६६९१३८६४०		६६९१३८६४०
२१००० पारिश्रमिक / सुविधा	१८	२६४४२७०००	२४७७३८११९		२४७७३८११९

२२००० मालसामान तथा सेवाको उपयोग	१८	२०७०७२४९२	१५१९४०५८३		१५१९४०५८३
२४००० ब्याज सेवा शुल्क तथा बैंक कमिशन	१८	५०००			
२५००० सहायता (Subsidy)	१८	८६८६१००	७२०८७८३		७२०८७८३
२७००० सामाजिक सुरक्षा	१८	६७१८०००	५५९८२४२		५५९८२४२
२८००० अन्य खर्च	१८	६२५००००	२०७७७६६		२०७७७६६
३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च	१८	५१८८३२९०८	२५४५७५१४७		२५४५७५१४७
घ. अन्य भूक्तानी		२४५१४८०००	२३२७७३७८७	६८५०००	२३३४५८७८७
कोषहरु		१९७८३०००	१६०७७३६७		१६०७७३६७
धरौटी					
संघीय प्रदेश सरकार वा अन्य कार्यक्रम	१६	२२५३६५०००	२१६६९६४२०	६८५०००	२१७३८१४२०
ङ. यो वर्षको बचत (न्युन)		१२५४५५४९९९७	११९१७४९९८५		११९१७४९९८५
च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या)		१०४२३०००००	१०५७०४५६९		१०५७०४५६९
वर्षान्तको बाकी रकम (ङ + च)		१३५८७७९९९७	२९७४५४५५३		२९७४५४५५३
बैंक तथा नगद बाकी	२४		१८२१६९९७०		१८२१६९९७०

धरौटी तथा कोष तर्फः

आय तर्फ		व्यय तर्फ	
विवरण	रकम	विवरण	रकम
गतआ.ब.को मौज्दात		धरौटी फिर्ता	१४६०७२५९.८५
धरौटी	३३५१५९३.१२	कोष खर्चः	
बिपद व्यवस्थापन कोष	१६२७७६१.००	बिपद व्यवस्थापन कोष	१६२२३५८६.००
मर्मत संभार कोष	६२३११.००	मर्मत संभार कोष	८०९७०६५.००
बेलबारी नगर शिक्षा कोष	१००६१.००	बेलबारी नगर शिक्षा कोष	२६२१००.००
कर्मचारी कल्याण कोष	१६०००००.००	धरौटी मौज्दात	५७७६८२९.५८
खानेपानी तथा सरसफाई कोष	३१८९१८.००	कोष मौज्दात	
धरौटी आय	१७०३२४९६.३१	बिपद व्यवस्थापन कोष	१९०५५८९.००
कोष हरु		मर्मत संभार कोष	३७१९३७.००
बिपद व्यवस्थापन कोष	१६५०१४१४.००	बेलबारी नगर शिक्षा कोष	३३६६१.००
बेलबारी नगर शिक्षा कोष	२८५७००.००	कर्मचारी कल्याण कोष	१६०००००.००
गरिवसंग नगरपालिका कोष	१९४२८०४०.००	खानेपानी तथा सरसफाई कोष	३१८९१८.००
मर्मत संभार कोष	८४०६६९१.००	गरिवसंग नगरपालिका कोष	१९४२८०४०.००
विविध	३६४१.३८	विविध	३६४१.३८
जम्मा	६८६२८६२६.८१	जम्मा	६८६२८६२६.८१

बेरुजू दफा	लेखापरीक्षणबाट देखिएका व्यहोराहरु	बेरुजु रकम
	असुलीको स्थितिः लेखापरीक्षणका क्रममा रु. १५,३००/- असुल भएको छ ।	
१.	**वित्तीय विवरण** – स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिका तथा नगरपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकीए अनुसार गाउँपालिका तथा नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणलीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन् • स्थानीय तहले संचित कोषमा गत विगतको बाँकी यस वर्ष प्राप्त रकम र संचित कोषवाट भएको खर्च स्पष्ट देखिने गरी खाता राखेको छैन । • कट्टी रकम भुक्तानी/दाखिला गर्न बाँकी शीर्षकमा रु.१,४९,६१७.३८ देखाएकोमा नियमानुसार उक्त रकम सम्बन्धित राजस्व शीर्षकमा दाखिला गर्नुपर्ने रु....... • लेखापरीक्षणका क्रममा बैंक नगदी किताब तथा पेश्की खाता अद्यावधिक नरहेको कारण स्थानीय तहले पेश गरेको आय–व्यय विवरण यथार्थ मान्न सक्ने अवस्था छैन । त्यसैले तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ ।	१४९६१७.३८
२.	**बैंक मौज्दात र बैंक नगदी खातामा फरकः** निम्न बैंक खाताहरु र बैंक नगदी किताब वीच फरक देखिएको छ । फरक रकमको हिसाव मिलान हुनुपर्ने रु. बैंक खाता: सञ्चित कोष; स्रेस्ता अनुसार: १८२१६९९७०; बैंक अनुसार: १८४५०९६७७४९; फरक रकम: २३३९७०७४९	२३३९७०७.४९
३.	**आन्तरिक नियन्त्रण प्रणालीः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले आफ्नो कार्यालयबाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमितता र दक्षतापूर्ण ढंगबाट सम्पादन गर्न र वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय वनाउन तथा प्रचलित कानून वमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ । नगरपालिकाले यस किसिमको कार्यविधि वनाएको छैन । जसबाट कार्यालयबाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमितता र दक्षतापूर्ण ढंगबाट सम्पादन गर्न र वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन समस्या परेको स्थिति रहेको छ । आन्तरिक नियन्त्रण सम्वन्धी अन्य व्यहोराहरु देहायमा उल्लेख छः- • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभूत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने सो गरेको पाईएन । • प्रत्येक कर्मचारीका पदको कार्यविवरण वनाई लागू नगरेको, (निजामती सेवा ऐन, २०४९ को दफा ५) • उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमको पहिचान गरी निराकरण नगरेको, (आर्थिक कार्यविधि नियमावली,२०६४ को नियम ९५) • आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४५ मा अधिकार प्राप्त अधिकारीले सरकारी रकम निकासा दिंदा वा खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारीता र औचित्यको दृष्टिकोणले आम्दानी, खर्च, लेखा र त्यसको जिन्सी, नगद मौज्दात तथा आर्थिक कारोबार सम्बन्धी व्यवस्था र नियम पर्याप्त छन् र तिनीहरुको पालना गरिएको छ भन्ने कुरामा विश्वस्त हुनुपर्दछ। • कार्यालयले वर्षभरी सम्पादन गरेको कामको वार्षिक आर्थिक कारोवार प्रतिवेदन तयार नगरेको, (आर्थिक कार्यविधि नियमावली, २०६४को नियम ९०.१ अनुसुची १४) • केही योजनाको लागत अनुमान तयार, स्वीकृति, नापी मूल्याङ्कन, ठेक्का विल, कार्य सम्पन्न प्रतिवेदनमा स्वीकृत गरेको मिति उल्लेख नगरेको, • भ्रमण अभिलेख खाता नराखेको, (भ्रमण खर्च नियमावली २०६४ को दफा २१) • भ्रमण प्रतिवेदन तयार गरी पेश गर्ने गरेको पाईएन ।	

Nested table in दफा २:

बैंक खाता	स्रेस्ता अनुसार	बैंक अनुसार	फरक रकम
सञ्चित कोष	१८२१६९९७०	१८४५०९६७७४९	२३३९७०७४९

- पालिकाले ५ लाख भन्दा कमका टुक्रे योजनाहरुको सञ्चालन गरेको देखिन्छ । यस्तो प्रकृतिका योजनाहरुको लागि आर्थिक, मानवीय साधनहरुको लागतको तुलनामा प्राप्त प्रतिफल न्यून हुने तथा दिगो विकासमा समेत टेवा नपुग्ने देखिन्छ । अतः कार्यालयले उपलब्ध स्रोत साधनहरुलाई मितव्ययी तरिकाले परिचालन गरी प्रभावकारी रुपले उच्चत्तम प्रतिफल प्राप्त गर्ने तथा वार्षिक योजना तथा बजेट तर्जुमा गर्दा उल्लेखित निर्देशिकाको कार्यान्वयनमा ध्यान दिनुपर्दछ ।
- उपभोक्ता समितिवाट निर्माण सम्वन्धी कार्य गर्दा सार्वजनिक खरीद ऐन तथा खरीद नियमावली वमोजिमको खरीद विधि नअपनाएको, (सार्वजनिक खरीद ऐनको दफा ३.१)
- आयकरमा दर्ता नभएकोलाई आय ठेक्का दिएको,
- आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २४ मा चौमासिक प्रगती विवरण पेश गर्ने व्यवस्था छ । कार्यालयले सञ्चालन गरेका वडा स्तरिय तथा पालिका स्तरिय आयोजनामध्ये सबै आयोजनाको उपरोक्त नियम बमोजिम अनुसूची—२ बमोजिमको ढाँचामा प्रगती विवरण दिएको देखिएन ।
- निकायको आ.व. २०७६/७७ को नीति तथा कार्यक्रममा उल्लेख भएका कार्यक्रम मध्ये कति उद्देश्य पुरा भयो वा प्रगति प्राप्ति भयो र कुन कुन कार्यक्रम पुरा भएका छैनन भनि विश्लेषण गरेको छैन । नीति तथा कार्यक्रम र वजेटमा उल्लेखित व्यहोराको कार्यान्वयन सम्बन्धमा प्रतिवेदन तयार गर्नुपर्ने देखिन्छ ।
- आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७४(१) मा पेश्की लिनुपर्दा कुन कामका निमित्त के कति पेश्की चाहिने हो त्यसको विवरण पेश गर्नुपर्ने समेत उल्लेख छ । कार्यक्रम सञ्चालनको लागी पेश्की लिदा त्यसको विवरण पेश गरे तापनि स्वीकृत कार्यक्रमको नर्म्समा आधारित नभएको हुँदा आवश्यक भन्दा बढी पेश्की दिने गरेको पाइयो । एक कार्यक्रमको लागी पेश्की दिएपछि सो कार्यक्रम सम्पन्न नभएसम्म अर्को कार्यक्रमको पेश्की दिन नहुनेमा कर्मचारीलाई पेश्कीमाथि पेश्की दिने गरेको पाइयो । यसरी आवश्यकता भन्दा बढी पेश्की दिने र पेश्की माथि पेश्की दिने कार्यमा नियन्त्रण हुनुपर्छ ।
- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११ मा रु. २५ हजार भन्दा माथिको मालसामान खरिद गर्दा सम्वन्धित मालसामानको स्फेशिफिकेशन सहित लागत अनुमान तयार गरेर मात्र खरिद गर्नु पर्ने सो अनुरुप गरेको देखिएन।
- स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा २४ वमोजिम स्थानीय तहले योजना वनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकीकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना वनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ । नगरपालिकाले सो बमोजिमको सूची तयार नगरी सालबसाली योजनाहरुमात्र संचालन गरेको छ ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६(३) मा प्रमुख प्रशासकीय अधिकृतले नगरपालिकाको कोषबाट खर्च भएको रकमको चौमासिक प्रगति त्यस्तो अवधि समाप्त भएको पन्ध्र दिनभित्र कार्यपालिकाको बैठकमा पेश गर्नुपर्ने तथा दफा ७६(४) मा आफ्नो आय र व्ययको विवरण प्रत्येक महिनाको सात गतेभित्र सार्वजनिक गर्नुपर्ने व्यवस्था गरेको देखिएन ।
- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ उपनियम (११) मा निर्माण कार्य सम्पन्न गरिसकेपछि सार्वजनिक निकायलाई प्राप्त भएको भौतिक संरचनाहरुको विवरण खुलाई अभिलेख राख्नुपर्ने,
- सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ अनुसार खरिद संझौतामा उल्लेखित अवधिमा निर्माण कार्य सम्पन्न गर्नुपर्दछ ।
- सार्वजनिक खरिद नियमावली, २०६४ को ११२ अनुसार केही संझौता अनुसार वीमा नगराएको,
- कार्यालयले निर्माण कार्यसँग सम्वन्धित कार्यको राख्नुपर्ने कार्य अभिलेख खाता म.ले.प.फा.नं. ५०५ आइटमवाइज खाता, म.ले.प.फा.नं ५१२ नापी नियन्त्रण खाता, ५०६ ठेक्का सम्वन्धी अभिलेख लगायतका अभिलेखहरु राख्नुपर्नेमा सो राखेको पाइएन ।
- सार्वजनिक खरीद ऐन, २०६३ को दफा ८ (२) मा खरीद कार्य गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा पारी खरीद गर्न नहुने व्यवस्था छ भने नियमावली, २०६४ को नियम ३ मा खरीद कारवाहीको तयारी, प्याकेजिङ्ग सम्वन्धी व्यवस्था छ । सार्वजनिक खरिद कार्य गर्दा एउटै प्याकेजमा समावेश गर्न

	सकिने प्रकृतिको कामलाई प्याकेजिङ्ग गरी वढी भन्दा वढी प्रतिस्पर्धा हुनेगरी वोलपत्रको माध्यमबाट खरिद गर्नुपर्दछ । त्यस कार्यालयले उस्तै प्रकृतिको कार्यलाई समेत प्याकेजिङ्ग नगरी टुक्रा टुक्रा गरी वर्षैभरी एक पटकमा रु. ५ लाख भन्दा घटिको हुने गरी पटक पटक सोझै खरीद (३ वटा खुल्ला दरभाउपत्र लिई) गरेको देखिएको छ । खरिद ऐन तथा नियमावलीमा भएको व्यवस्थाको पूर्ण पालना गर्नुपर्दछ । • नगरपालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । योजनागत खर्च खाता नराखेको कारण कुन कुन योजनामा के कति रकम भुक्तानी भयो र के कति खर्च भएको हो यकिन गर्न सकिएन । यस्तो खाताको अभावमा कुन कुन योजनामा के कति रकम भुक्तानी भयो र के कति बाँकी रहेको छ स्पष्ट नहुने र एउटै योजनामा दोहोरो भुक्तानी हुने जोखिम समेत हुने देखिएको छ । योजनागत खर्च खाता अनिवार्य तयार गरी पेश हुनुपर्दछ । • विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितरणमुखी रहेको पाईयो । • वडा कार्यालयमा रहेका जिन्सी समान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अद्यावधिक गरेको पाईएन । • जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन । • मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६ क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिइएको तथा इ टीडिएस नगरेको । • कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरी निराकरणको प्रयास गरेको अभिलेख नराखेको । • कुनै रकम रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखी कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन । • ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन। • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागू गर्न सक्ने व्यवस्था भएकोमा वनाएको पाईएन । • नियममा भएको व्यवस्था बमोजिम भविष्यमा आउन सक्ने संभावित जोखिमलाई न्यूनिकरण गर्न बीमा गराउने तर्फ कार्यालयले ध्यान दिएको देखिएन । • सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन । • सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६ बमोजिम सार्वजनिक निकायले तोकिए बमोजिम खरिदको गुरुयोजना तथा वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । कार्यालयले सो अनुरुप खरिद योजना तयार गरेको पाइएन । • संस्था दर्ता ऐन, २०३४ दफा ३ पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन । • सञ्चालित योजनाको सूचना पाटीमा आय-व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन। • वातावरणको संरक्षणको एकीकृत दीर्घकालिन योजना तयार नगरेको • पालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहाका लागि आवश्यक प्राविधिक तथा प्रशासनिक कर्मचारीको अभाव रहेको पाईयो । • सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन ।	

	• निजामती सेवा ऐन, २०४९ को दफा ७ ख २ वमोजिम तलवी प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले तलवी प्रतिवेदन पारित नगरि खर्च लेखेको पाईयो । • मन्त्रालयको मिति २०७३।१२।२५ को परिपत्र अनुसार यस पालिकामा समाहित भएका साविकका गाँउ विकास समितिको नाममा रहेका पेश्की तथा वेरुजुको लगत तयार गरेको पाईएन । आन्तरिक नियन्त्रण व्यवस्थाले नियमितता, मितव्ययीता, पारदर्शिता र सेवा प्रवाहमा असर पर्ने भएकोले उल्लेखित नियमको प्रावधान पालना गरी उपर्युक्त विषयमा सुधार गर्नुपर्दछ ।	
	बजेट तथा कार्यक्रम	
४.	**खर्च गर्ने अख्तियारी र कार्यविधिः** स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७१ म स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा मिति २०७६ असार १० गते कुल वजेट रु.१ अर्व १३ करोड ५६ लाख ९ हजारको बजेट सभा समक्ष पेश गरेकोमा २०७६ असार ३० मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७६ श्रावण ५ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।	
५.	**मध्यमकालीन खर्च संरचनाः** अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ मा स्थानीय तहले सार्वजनिक खर्चको विवरण तयार गर्दा आगामी तीन आर्थिक वर्षमा हुने खर्चको प्रक्षेपण सहित देहायको विवरण सहित मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले उक्त बमोजिम खर्चको मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्नेमा सो गरेको देखिएन । (क) प्रस्तावित योजनाको उद्देश्य, (ख) प्रस्तावित योजनाको लागि सम्भाव्यता अध्ययन गर्न वा खर्च छुटयाउन आवश्यकताको पुष्ट्याई, (ग) प्रस्तावित योजना कार्यान्वयन हुन सक्ने आर्थिक वर्ष र त्यसपछिका दुई आर्थिक वर्षमा प्राप्त हुन सक्ने प्रतिफल र उपलब्धि, (घ) प्रस्तावित योजना लागू गर्न आवश्यक पर्ने खर्चको विवरण (ङ) खर्च व्यहोर्ने स्रोत र खर्च गरिएको रकमबाट प्राप्त हुन सक्ने प्रतिफल र उपलब्धिको प्रक्षेपण, (च) प्रस्तावित योजनाको मध्यम अवधिको खर्चको रणनीति र त्यसको वार्षिक खर्चसगँको तादाम्यता, (छ) सञ्चालित योजना भए गत आर्थिक वर्षमा छुटयाइएको खर्च अनुसार लक्ष्य हाँसिल भए नभएको यथार्थ विवरण । ऐनको व्यवस्था बमोजिम मध्यमकालीन खर्च संरचना स्वीकृत गरेर कार्य गर्नुपर्दछ ।	
६.	**योजनागत लक्ष्य प्रगतिः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २४ मा चौमासिक प्रगति विवरण पेश गर्ने व्यवस्था छ । कार्यालयले सञ्चालन गरेका पालिका तथा वडास्तरीय आयोजनामध्ये सबै आयोजनाको उपर्युक्त नियम बमोजिम अनुसूची-२ बमोजिमको ढाँचामा प्रगति विवरण दिएको देखिएन । जसवाट सञ्चालित योजना तथा कार्यक्रमको कार्य सम्पादन र प्रगति सम्वन्धमा एकिन गर्न तथा पालिकाबाट सञ्चालित कार्यक्रमको उपलब्धि सम्वन्धमा विश्लेषण गर्न सकिएन । नियमावलीले तोके वमोजिमको ढाँचामा क्रियाकलापगत परिमाण र खर्च देखिने गरी प्रगति प्रतिवेदन तयार गर्नु पर्दछ ।	
७.	**योजना छनौटः** स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४(परिमार्जित) को बुँदा नं. ३ मा नगरपालिकाले वार्षिक योजना तथा बजेट तर्जुमा गर्दा निम्न विषयलाई प्राथमिकता दिनुपर्ने व्यवस्था छः क) आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुऱ्याउने, ख) उत्पादनमुलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने, ग) जनताको जीवनस्तर, आम्दानी र रोजगारी बढ्ने, घ) स्थानीय सहभागिता जुट्ने, स्वमंसेवा परिचालन गर्न सकिने तथा लागत कम पुग्ने, ङ) स्थानीय स्रोत साधन र सीपको अधिकतम प्रयोग हुने, च) महिला, बालबालिका तथा पिछडिएका क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने,	

	छ) लैगिंक समानता र सामाजिक समावेशीकरण अभिवृद्धि हुने, ज) दीगो विकास, वातावरणीय संरक्षण तथा सम्बर्द्धन गर्न सघाउ पुऱ्याउने, बजेट तर्जुमा गर्दा दिग्दर्शनको पालना गर्नु पर्दछ ।	
८.	**चौमासिक विवरणः** स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ७६(५) मा स्थानीय तहले स्थानीय सञ्चित कोषमा भएको आय व्ययको चौमासिक शीर्षकगत विवरण तयार गरी संघीय अर्थ मन्त्रालय, प्रदेश अर्थ मन्त्रालय, तथा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगमा पठाउनुपर्ने व्यवस्था छ । कार्यालयले चौमासिक विवरण तोकिएको निकायमा पठाएको देखिएन । अतः कानुनको परिपालना हुनुपर्दछ ।	
९.	**चौमासिक पूँजीगत खर्च** - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।	

सि. नं.	पूँजीगत खर्च शीर्षक	कुल खर्च	चौमासिक खर्च (रु.हजारमा)			आषाढ महिनाको मात्र खर्च
			प्रथम चौमासिक	दोस्रो चौमासिक	तेस्रो चौमासिक	
१	बेलबारी नगरपालिका	१६३५२२	१९३१०	५८७०२	८५५११	४६६८४
२	प्रदेश सरकार बिशेष अनुदान	७०१४	०	०	७०१४	६०१७
३	प्रदेश सरकार समपुरक अनुदान	११९०६	०	०	११९०६	११७१०
४	नेपाल सरकार समपुरक अनुदान	६७६१	०	४५	६७१६	३२१६
५	प्रदेश सरकार स्थानीय तह साझेदारी कार्यक्म	१९८२५	०	२४६	१९५७९	१३०८३
६	सडकबोर्ड नेपाल	१०८	०	०	१०८	०
७	संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम	३१९१६	०	३४५४	२८४६२	२२५४१
८	प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम	६५९२	०	०	६५९२	५६०३
९	नेपाल सरकार बिशेष अनुदान	६९३२	०	०	६९३२	६६१६
१०	राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण	२०५	०	०	२०५	२०५
११	पर्यटन पुर्वाधार	४९८३	०	०	४९८३	२५६०
१२	स्थानीय पुर्वाधार बिकास साझेदारी कार्यक्रम	१५५८०	०	०	१५५८०	११८८७
	जम्मा	२७५३४४	१९३१०	६२४४७	१९३५८७	१३०१२२

	संगठन तथा कर्मचारी ब्यवस्थापन	
१०.	**प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित १८१ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित १६१ जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका अधिकृत	

<table>
<tr><td></td><td>सहित २० पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।</td><td></td></tr>
<tr><td>११.</td><td>कर्मचारी करार - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले विभिन्न ११ पदमा ४४ जना कर्मचारीहरु करारमा राखि रु.१७२६३६३२.८० खर्च लेखेको छ ।

त्यसैगरी सोही ऐनको दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैंचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । स्थानीय तहले माथि उल्लेखित पद वाहेकको विभिन्न ८ पदमा २४ जना करार नियुक्ति गरी बर्षभरीमा रु.१०६३८६६६.४० भुक्तानी गरेको अनियमित देखिएको रु......</td><td>१०६३८६६६</td></tr>
<tr><td>१२.</td><td>कर्मचारी प्रोत्साहन भत्ता - स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८६ (१) बमोजिम स्थानीय सेवा गठन, संचालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धी आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम स्थानीय सेवाको गठन, संचालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुबिधा सम्बन्धी अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । त्यस्तै अर्थ मन्त्रालयको कार्य संचालन निर्देशिकाको परिच्छेद ७ को ७.१.४ बमोजिम अतिरिक्त समय र बिदाको दिन काम गर्दा अर्थ मन्त्रालयबाट नर्म्स स्वीकृत गराई मात्र खाजा र खाना वापतको रकम भुक्तानी दिनुपर्ने र ७.४.१ को (५) बमोजिम प्रोत्साहन भत्ता खुवाउन समेत अर्थ मन्त्रालयबाट स्वीकृति लिनुपर्ने व्यवस्था छ । नगरपालिकाले यस वर्ष सेवा सुविधा सम्बन्धमा भएको कानूनको पालना नगरी कर्मचारीहरुलाई भुक्तानी भएको रकम बढी व्ययभार भएको रु.</td><td>१३१००८४७</td></tr>
<tr><td></td><td>कानून निर्माण एवं कार्यान्वयन</td><td></td></tr>
<tr><td>१३.</td><td>न्यायिक समिति - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी र यो बर्ष थप भएको गरी कुल १२५ विवाद दर्ता भएकोमा ९० वटा मात्र फछ्र्यौट भई ३५ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।</td><td></td></tr>
<tr><td>१४.</td><td>सेवा प्रवाह स्थितिः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (२) मा नगरपालिकाको काम, कर्तव्य र अधिकारको व्यवस्था रहेको छ । गाउँपालिकाले वडा कार्यालयबाट सम्पादित नागरिकता सिफारिस, घरबाटो, नाता प्रमाणित, पञ्जिकरणको तथ्यांक तथा अभिलेखलाई व्यवस्थित तुल्याउँदै सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ । यस गाउँपालिका तथा अन्तर्गतका वडाबाट यस बर्ष सम्पादित सेवा प्रवाहको स्थिति निम्नानुसार रहेकोछ ।
<table>
<tr><th>क्र.सं</th><th>विवरण</th><th>निवेदन संख्या</th><th>सिफारिस संख्या</th><th>कैफियत</th></tr>
<tr><td>१</td><td>नागरिकता सिफारिस</td><td>१६३२</td><td>१६३२</td><td></td></tr>
<tr><td>२</td><td>घरबाटो सिफारिस</td><td>२५३५</td><td>२५३५</td><td></td></tr>
<tr><td>३</td><td>नाता प्रमाणित</td><td>५७८</td><td>५७८</td><td></td></tr>
<tr><td>४</td><td>जन्म, मृत्यु दर्ता</td><td>३०३७</td><td>३०३७</td><td></td></tr>
<tr><td>५</td><td>अन्य</td><td>३३९०</td><td>३३९०</td><td></td></tr>
</table></td><td></td></tr>
</table>

	राजस्वतर्फः	
१५.	**आन्तरिक आम्दानी तर्फः** नेपालको संविधानको धारा २३० बमोजिम नगरपालिकाले आर्थिक ऐन, २०७६ तयार गरी लागू गरेको भएता पनि सोहि अनुरुप निर्धारित दरमा शुल्क तथा कर रकम नियमित रुपमा असुल गर्ने गरेको पाइएन । • नगरपालिका क्षेत्रमा रहेका विभिन्न व्यापार व्यवसाय, परामर्शदाता लगायतका सबै निकाय, बैंक वित्तीय संस्था , अन्य सघं सस्था आदिलाई अनिवार्य दर्ता गराउने, नवीकरण गर्ने तथा निर्धारित वार्षिक कर दस्तुर समेत असुल गर्ने कार्य प्रभावकारी रुपमा भए गरेको पाइएन । • मनोरञ्जन कर वापत कुनैपनि रकम असुल गरेको पाइएन । नगरपालिका क्षेत्रमा रहेका सिनेमा घर तथा चलचित्र भवन तथा होटलको दर्ता नविकरण तथा वार्षिक कर असुल गरेको पाइएन । • विभिन्न सघं संस्थाका घर तथा कार्यालय बहालकर असुल गर्न पूर्व अध्ययन गर्ने तथा कार्यान्वयन प्रभावकारी रुपमा गर्ने तर्फ कार्यालयको विशेष ध्यानाकर्षण हुनुपर्ने देखिन्छ । जस्तै पसल तथा विभिन्न कार्यालयहरुको पूर्ण विवरण तयार गर्ने दर्ता तथा नविकरण अद्यावधिक गर्ने प्रति वर्ग फिटमा स्थान अनुसार बहाल दर निर्धारण गरी असुल गर्नुपर्दछ ।	
१६.	**व्यवसाय कर** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनूपर्ने व्यवस्था रहेको छ । यस वर्ष गाउँपालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रु.२८६८५१७.५ कर संकलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अद्यावधिक गरेको छ्रन । जसबाट पालिकाले संकलन गरेको व्यवसाय कर यथार्थ मन्न सक्ने अवस्था छैन । तसर्थ पालिकाले आफ्नो क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।	
१७.	**भवन तथा जग्गाः** नगरपालिकाले आफ्नो स्वामित्वमा रहेका भवन तथा जग्गाहरुलाई उच्चतम सदुपयोग गरी आन्तरिक आय अभिवृद्धि गर्ने कार्यमा विशेष पहल गर्नुपर्ने देखिन्छ । भवनहरुलाई मर्मत सम्भार रंगरोगन गरी आधुनिकीकरण गर्ने तर्फ प्रभावकारी कार्य गर्नुपर्ने तथा विभिन्न स्थानमा रहेका जग्गाहरुलाई आवश्यकता अनुसार उचित ढंगबाट प्रयोग गर्नुपर्ने तथा भवनहरुबाट पर्याप्त आन्तरिक आय श्रृजना गर्ने तर्फ कार्यालयले विशेष पहल गर्नुपर्दछ ।	
१८.	**राजश्व कारोबारको लेखाः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम नियम ९२ (१) मा प्रत्येक कार्यालयले राजश्वको लेखा महालेखापरीक्षकको कार्यालयबाट स्वीकृत ढाँचामा राखुपर्ने उल्लेख छ । कार्यालयले राजश्व आम्दानी तर्फ म.ले.प.फा.नं. १०५, १०८ नराखेको तथा दैनिक राजश्व असुलीको भौचर उठाएको देखिएन । नियमावलीको व्यवस्था अनुसार म.ले.प.फा.नं. १०५, १०८ लगायतका फारमहरु राखी राजश्व असुली लेखा व्यवस्थित गर्नुपर्दछ । साथै असुली रकम असुल भएको भोलीपल्ट दाखिला गर्नुपर्नेमा वडा कार्यालयले मासिक/त्रैमासिक रुपमा दाखिला गर्ने गरेको देखियो । असुली रकम नियमानुसार समयमै दाखिला गर्नुपर्दछ । आम्दानी जस्तो संवेदनशील विषयमा गम्भिर भई अनिवार्य रूपमा राखुपर्ने दैनिक आम्दानी एवं बैङ्क दाखिला खाताहरूको प्रयोग गरी आन्तरिक आयलाई व्यवस्थित बनाउनु पर्ने देखिन्छ ।	
१९.	**रसिद नियन्त्रण खाताः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार स्थानीय तहले आन्तरिक आम्दानी हुने रकमहरूको नगदी रसिद कट्टा गरी त्यसलाई दैनिक आम्दानी किताबमा प्रविष्टी गरी तोकिएको समयमा बैङ्क दाखिला खातामा प्रविष्ट गर्नुपर्दछ । कार्यालयले राजस्व असुलीमा प्रयोग हुने रसिद के कति छपाई भयो, गत विगतका कति रसीद बाँकी थिए र यो वर्ष खर्च भई के कति आगामी वर्षको लागि जिम्मेवारी सारेको छ तथा वडाहरुमा के कति रसिद पठाएको हो सो खुल्ने रसिद नियन्त्रण खाता राखे नगरेकोले राजस्व असूलीमा प्रयोग हुने रसिद उपर्युक्त ढङ्गबाट प्रयोग भएको छ भन्न सकिने आधार भएन । रसिदको प्रयोगलाई व्यवस्थित बनाइनुपर्दछ ।	

२०. **राजश्वः** स्थानीय सरकार संचालन ऐन, २०७४ को परिच्छेद ९ मा नगरपालिकाको वित्तीय अधिकार क्षेत्रको वारेमा व्यवस्था छ । यस सम्वन्धमा देखिएका व्यहोरा देहायअनुसार छन्ः

- ऐनको दफा ५८ मा आफ्नो क्षेत्रभित्र व्यापार व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारको आधारमा व्यवसाय कर लगाउने व्यवस्था भएकोमा लगत संकलन तथा अद्यावधिक नगरी कर संकलन मात्र गरेको देखिन्छ ।
- ऐनको दफा ६१ मा जडीवुटी कवाडी र जीवजन्तु कर लगाउने व्यवस्था भएकोमा सो को पहिचान गरेको छैन ।
- ऐनको दफा ६२ (ख) मा सामुदायिक वनले वन पैदावारको विक्री वापत प्राप्त हुने रकमको दश प्रतिशत रकम पालिकामा वुझाउनुपर्ने व्यवस्था भएकोमा सामुदायिक वनबाट राजस्व प्राप्त भएको छैन ।
- नगरपालिका आफैले संकलन गरेको राजस्व वाहेक वडा कार्यालयबाट प्राप्त रकमको शीर्षकगत विवरण नराखेको कारण कुन शीर्षकमा कति रकम प्राप्त भयो कुनै अभिलेख राखेको छैन ।
- यस कार्यालयले उठाउने सबै प्रकारका राजश्वहरुको लगत अद्यावधिक गरी उठाउनुपर्नेमा उठाएको छैन । राजस्व आर्जन तर्फ कानूनको व्यवस्था अनुसार लगत अद्यावधिक गरी असुल कार्य गर्नुपर्दछ ।

२१. **आय ठेक्काः** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६२(२) मा गाउँपालिका तथा नगरपालिकाले निर्माण, सञ्चालन वा व्यवस्थापन गरेको स्थानीय पूवार्धार वा उपलब्ध गरएको खानेपानी, फोहरमैला व्यवस्थापन, सरसफाई, ढल निकास, सडक बत्ती जस्ता सेवा सुविधा, हाट बजार, सडक, बस पार्क सेवा सुविधा उपयोग गरे बापत लाग्ने सेवा शल्क उठाउने कार्य आफै गर्न वा व्यवस्थापन करार वा निजी क्षेत्र मार्फत गराउन सक्ने व्ययस्था गरेको छ। उक्त ऐनमा ठेकेदारले कवोल गरेको रकम एकमुष्ट जम्मा गर्दा छुट सम्वन्धी व्यवस्था गरेको छैन । त्यस्तै गाउँपालिका वा नगरपालिकाले सङ्कलन गर्ने तथा मूल्य अभिवृद्धि कर ऐन, २०५२ र नियमावली, २०५३ अनुसार निकासी तथा विक्री आम्दानी र विज्ञापन करको ठेक्का सम्झौता बमोजिम कार्यालयले ठेक्का रकमको १३ प्रतिशत मूल्य अभिवृद्धि कर रकम असुल गरी संघीय संचित कोष दाखिला गर्नु पर्ने उल्लेख गरेको छ। कार्यालयले यस वर्ष निम्नानुसारको आय ठेक्का लगाएको छ।

सि. नं.	ठेक्काको नाम	ठेकेदार वा कम्पनीको नाम	ठेक्का रकम	ठेक्का कबोल रकम	१० प्रतिशत छुट दिएको रकम	१३ प्रतिशत मुल्य अभिवृद्धि कर
१.	मवेशी पशुहाट	मनोज सुवेदी	४६०६६६६	४६०७१६६	४६०७१७	५९८९३२
२.	बेलबारी १ मा लाग्ने सोमबारे र २ मा लाग्ने बुधबारे र शुक्रबारे हाट	उपेन्द्र राई	९०००००	११२५०००	११२५००	१४६२५०
३.	सिसैवारी फडानी भलुवा वेलवारी सडक	सन्दिप बाली साङपाङ	७०००००	७०१०००	७०१००	९११३०
४.	वेलवारी ११ मा शनिबार र बिहीबार कृषिउपज हाट	अनिल राई	१०००००	१००१००	१००१०	१३०१.३
५.	वेलवारी ७ बुधबार र शनिबार लाग्ने हाट	तोषित सुवेदी	२०००००	२००२५०	२००२५	२६०३३
६.	वेलवारी नौमा मंगलबार र शुक्रबार लाग्ने हाट	निरज सुवेदी	१५००००	२०००००	२००००	२६०००

७.	कीर्तिमान भाउन्ने आमतोला	सयपत्री मल्टीपर्पोज प्रालि	२५०००००	२५०२०००	२५०२००	३२५२६०
८.	वडा नं ५ मा लाग्ने हाट			३२०००		४१६०
जम्मा			९१५६६६६	९४६७५१६	९४३५५२	१२१९०६६

२१.१.	कार्यालयले यस बर्ष उल्लेखितको ठेक्का सम्झौता गर्दाकै वखतमा संझौतामा आफ्नो कबुल अङ्कको प्रचलित कानून बमोजिम बुझाउनुपर्ने मूल्य अभिवृद्धि कर तथा अन्य करहरु दोस्रो पक्ष स्वयंले बुझाउनु पर्ने प्रावधान राखेको तर ठेकेदार वा कम्पनीले संझौता वमोजिमको रकम जम्मा गर्दा सोही समय र स्थानमा मूल्य अभिवृद्धि कर समेत कार्यालयले प्राप्त गर्ने गरी संझौता गरी सो रकम कार्यालयले संघीय संचित कोषमा दाखिला गर्नु पर्नेमा मूल्य अभिवृद्धि कर दायित्ववाट ठेकेदार वा कम्पनीलाई उन्मुक्ति दिनेगरी संझौता गरी मूल्य अभिवृद्धि कर असुल गरी संघीय संचित कोषमा दाखिला गराउने दायित्व कार्यालयले लिएको देखिएन। तसर्थ उक्त मूल्य अभिवृद्धि कर असुल गरी संघीय संचित कोष दाखिला हुनुपर्ने रु..................................	१२१९०६६/-
२१.२.	ख) ठेक्का बन्दोबस्ती सम्बन्धी सूचना प्रकाशन गर्दा बोलपत्रदाताले सम्झौता समयमा कबोल गरेको ठेक्का अंकको सम्पूर्ण रकम एकमुष्ट बुझाएमा १० प्रतिशत रकम छुट सुविधा दिन सकिने उल्लेख गरी उक्त रकम छुट दिएको छ । यसरी छुट दिन सकिने प्रावधान कानुनमा उल्लेख भएको नदेखिएकोले छुट दिएको रकम असुल गरी स्थानिय संचित कोष खातामा दाखिला गर्नु पर्ने रु.........	९४३५५२/-
२२.	**लोहोन्द्रा खोला ढुंगा गिटी बालुवाः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ मा ढुङ्गा, गट्टी, स्लेट, बालवु, चनुढुङ्गा, खरीढुङ्गा, अभ्रख र दहत्तर बहत्तर प्रदेशले निर्धारण गर्ने र गाउँपालिका वा नगरपालिकाले सङ्कलन गर्ने व्यवस्था गरेको छ। उक्त ऐनमा ठेकेदारले कवोल गरेको रकम एकमुष्ट जम्मा गर्दा छुट सम्वन्धी व्यवस्था गरेको छैन । गाउँपालिका वा नगरपालिकाले सङ्कलन गर्ने तथा मूल्य अभिवृद्धि कर ऐन, २०५२ र नियमावली, २०५३ अनुसार निकासी तथा विक्री आम्दानी र विज्ञापन करको ठेक्का सम्झौता बमोजिम कार्यालयले ठेक्का रकमको १३ प्रतिशत मूल्य अभिवृद्धि कर रकम समेत असुल गरी संघीय संचित कोष दाखीला गर्नु पर्ने उल्लेख गरेको छ। कार्यालयले यस वर्ष लोहोन्द्रा खोला ढुंगा गिटी बालुवा ठेक्का लगाउदा आई.ई.ई. गराई उक्त प्रतिवेदन अनुसार को परिमाण १२९१७२६५.७२ घन फिट रहेको र मिति २०७६।०४।२१ मा ३० दिने सूचना नयाँ पत्रिकामा १३२७०४६५ घन फिट परिमाणको रु.७९६२२७९४/- मा वोलपत्र आह्वान गरेकोमा २ वटा कम्पनीले मात्र प्रस्ताव परेको र सारभूत रुपमा प्रभावग्राही श्री सयपत्री मल्टिप्रपोज कम्पनी प्रा.लि.लाई खोलाको ढुङ्गा गिटी बालुवा ग्राभेल भरौट माटोको उत्खनन र बिक्रीको लागि संझौता गर्न नगर प्रमुखबाट निर्णय भएको छ । यस प्रालिको कवोल अंक रु.८११५६६६६/- (भ्याट वाहेक) रहेको छ। कार्यालय र प्रालिबीच मिति २०७६ मंसिर ९ गते सम्झौता गरेकोमा सम्झौता अवधि २०७६ असोज ५ गतेदेखि २०७७ साल जेठ मसान्त सम्म हुने, नदीजन्य पदार्थको उत्खनन बिहान सुर्योदय देखि सूर्यास्त सम्म हुने बोलपत्रदाताले कबोल अंकको मुअकर बाहेक रु.८११५६६६६/- मध्ये सूचना वमोजिम १०% छुट कटाई कायम भएको अङ्क रु.७३०४०९९९/- को प्रचलित कानुन बमोजिम बुझाउनुपर्ने मूल्य अभिवृद्धि कर तथा अग्रिम आयकर दोस्रो पक्ष स्वयंले बुझाउनुपर्ने राजस्व भौचरको एकप्रति पालिकामा पेश गर्नुपर्ने लगायत व्यवस्था गरी संझौता गरेको छ। क) ठेक्का बन्दोबस्त गर्ने प्रक्रिया अन्तर्गत २०७६।०५।२६ गते ई-विडिङ मार्फत परेका बोलपत्र दाताहरूको मूल्यांकन गरी मिति २०७६।०५।२७ गते सात दिने आसयको सूचना प्रकाशित गरी सम्झौता प्रक्रियामा कारबाही अगाडि बढिरहेको हुँदा असोज १ गतेदेखि नदीजन्य पदार्थको उत्खनन प्रक्रिया खुला हुने भएकोले बोलपत्र दाताहरूको सम्झौता कार्य नटुङ्गिन्जेल सम्मको लागि प्रदेश नं १ सरकारको आर्थिक ऐन, २०७६ को अनुसूची ५ बमोजिमको दररेटमा अमानतमा कर संकलन गर्ने मिति २०७६।०६।०२ सयपत्री मल्टीपर्पोज	

	प्रालि बेलबारी १ मोरङले निवेदन पेश गरेको हुँदा स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६२ को उपदफा ३ बमोजिम ठेक्का सम्झौता नहुँदासम्म उक्त कम्पनीले उठेको रकमको २५ प्रतिशत कमिशन पाउने तर उक्त कमिसनको रकम अधिकतम रु.१०००००/- हुनेगरी कम्पनीलाई अमानतमा कर संकलन गर्ने कार्यदेश दिने निर्णय गरी २०७६।०६।०२ मा प्रालिलाई अस्थाई कार्यदिश दिईएको छ। पुःन २०७६।०६।२३ मा एकमात्र बोलपत्रदाता श्री सयपत्री मल्टिपर्पोज कम्पनी प्रालि बेलबारी १ लाई सम्झौताको लागि मिति २०७६।०६।०५ मा पत्राचार गरिएकोमा तोकिएको अवधिमा नेपालीहरूको महान चाड बडादशैको समेत भएकोले जमानत बापतको रकम जम्मा गर्न समर्थ नभएको तथा सारभूत रुपमा प्रभावग्राहीलाई अन्य बोलपत्र दाता नभएकोले आवश्यक समय थप गर्ने नगर प्रमुखबाट निर्णय भएको छ। प्रालिले २०७६ असोज २ गतेदेखि २०७६ मंसिर ९ गते सम्म अमानतबाट कार्य गरेको देखिन्छ । तर उक्त अवधिमा के कति परिमाणमा नदिजन्य पदार्थ उत्खनन भयो कार्यालयसँग यकिन तथ्यांक रहेको देखिएन । उक्त अवधिमा प्रालिले के कति रकम वुझाउनु पर्ने हो समेत यकिन हुन सकेन। अमानतबाट संकलन गरेको रकम संचित कोष दाखिला गरेको देखिएन । उक्त अवधिमा के कति परिमाणमा नदिजन्य पदार्थ उत्खनन गरिएको र वुझाउनु पर्ने रकम कति हो आवश्यक छानविन गरी वुझाउनु पर्ने रकम व्याज सहित असुल गर्नुपर्दछ।	
	ख) कार्यालयले यस बर्ष उल्लेखितको ठेक्का सम्झौता गर्दाकै वखतमा संझौतामा आफ्नो कबुल अङ्क रु. ८११५६६६६/-को प्रचलित कानून बमोजिम बुझाउनुपर्ने मूल्य अभिवृद्धि कर तथा अन्य करहरु दोस्रो पक्ष स्वयंले बुझाउनु पर्ने प्रावधान राखेको तर ठेकेदार वा कम्पनीले संझौता वमोजिमको रकम जम्मा गर्दा सोही समय र स्थानमा मूल्य अभिवृद्धि कर समेत कार्यालयले प्राप्त गर्ने गरी संझौता गरी सो रकम कार्यालयले संघीय संचित कोषमा दाखिला गर्नु पर्नेमा मूल्य अभिवृद्धि कर दायित्वबाट ठेकेदार वा कम्पनीलाई उन्मुक्ति दिनेगरी संझौता गरी मूल्य अभिवृद्धि कर असुल गरी संघीय संचित कोषमा दाखिला गराउने दायित्व कार्यालयले लिएको देखिएन। तसर्थ उक्त मूल्य अभिवृद्धि कर असुल गरी संघीय संचित कोष दाखिला हुनुपर्ने रु....................	१०५५०३६७/-
	ग) साथै ठेक्का बन्दोबस्ती सम्बन्धी सूचना प्रकाशन गर्दा बोलपत्रदाताले सम्झौता समयमा कबोल गरेको ठेक्का अंकको सम्पूर्ण रकम एकमुष्ट बुझाएमा १० प्रतिशत रकम छुट सुविधा दिन सकिने उल्लेख छ तर उक्त ठेकेदारले मुल्य अभिवृद्धि कर रकम नवुझएकोले एकमुष्ट रकम बुझाएको छैन । कबोल अकको १० प्रतिशत रु. ८११५६६७/- छुट दिएको छ । यसरी छुट दिन सकिने प्रवधान कानुनमा उल्लेख भएको नदेखिएकोले छुट दिएको रकम असुल तथा वाँडफाँड गरी स्थानीय तथा प्रदेश संचित कोष खातामा दाखिला गर्नु पर्ने रु..........	८११५६६७/-
	घ) प्रालिले प्रदेश १ को आर्थिक ऐन २०७६ को अनुसूची ५ बमोजिमको दरमा मूल्य अभिवृद्धि कर थप गरी कर संकलन गरी सोही बमोजिमको रसिद छपाई कार्यालयबाट प्रमाणित गराएर मात्र प्रयोगमा ल्याउनु पर्नेगरी प्रालिसँग कार्यालयले संझौता गरेको छ । प्रालिले चारवटै पालिकाको आई.ई.ई. प्रतिवेदनमा उल्लेखित नाकाहरुमा तोकिएको मापदण्ड परिमाण बमोजिम तोकिएको शर्तको अधिनमा रही उत्खनन् गर्नुपर्ने हाते औजारको माध्यमबाट उत्खनन गर्न असम्भव भई उत्खनन क्षेत्रमा हेवि ईक्यूपमेन्ट प्रयोग गर्दा कार्यालयबाट अनुमति लिएर मात्र प्रयोग गर्नुपर्ने ढुंगा गिटी बालुवा र ग्राभल उत्खनन् परिमाणको मासिकरुपमा फाँटवारी कार्यालयलाई अनिवार्य रुपमा पेश गर्नुपर्ने कार्यालयले उत्खनन क्षेत्रको अनुगमन गरी दिएको निर्देशन प्रालिले पालना गर्नुपर्ने संझौतामा व्यवस्था गरेको छ। तर के कति मात्रामा रसिद छापियो के कति परिमाणमा कार्यालयको छाप लगाइयो सोको अभिलेख अद्यावधिक रहेको पाइएन। विभिन्न समयमा स्काभेटर, ब्याकुलोडर र टिपर संचालन गर्न अनुमति दिएको छ। तर के कति प्रकारका मेसिन औजार संचालन गर्न अनुमति दिएको लगत राखेको देखिएन। उत्खनन गरिएको परिमाणको मासिक फाँटवारी समेत प्रालिले पेश गरेको देखिएन ।	

	सम्झौताअनुसार रसिद छाप्न प्रालिलाई नै अधिकार दिएकोले उत्खनन गरिएको परिमाण आई.ई.ई. प्रतिवेदन, संझौता तथा प्रचलित कानुन तथा निर्धारित मापदण्ड वमोजिम नै भएकोमा आश्वस्थ हुन सकिएन ।	
	ङ) उक्त ठेक्कावाट रु.७३०४०९९९.४० रकम संकलन गरेकोमा ४० प्रतिशत रु.२९२१६३९९.७६ प्रदेशलाई छुट्याई बाँकी रु.४३८२४५९९.६४ बाट ठेक्का व्यवस्थापन खर्चमा रु.२१९१२२९.९८ छुट्याई रु.४१६३३३६९.६६ मात्र विभिन्न पालिकालाई परिमाणका आधारमा बाँडफाँड गरेको छ । तसर्त ठेक्का व्यवस्थापन खर्चमा छुट्याउन मिल्ने आधार पेश हुनुपर्दछ ।	
२३.	**चिसाङ खोला ढुगा गिटी बालुवाः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ मा ढुङ्गा, गट्टी, स्लेट, बालवुा, चनुढुङ्गा, खरीढुङ्गा, अभ्रख र दहत्तर बहत्तरमा प्राकृतिक स्रोत करको दर र प्रक्रिया प्रदेशले निर्धारण गर्ने र गाउँपालिका वा नगरपालिकाले सङ्कलन गर्ने व्ययस्था गरेको छ । उक्त ऐनमा ठेकेदारले कवोल गरेको रकम एकमुष्ट जम्मा गर्दा छुट सम्वन्धी व्यवस्था गरेको छैन । त्यस्तै गाउँपालिका वा नगरपालिकाले सङ्कलन गर्ने तथा मूल्य अभिवृद्धि कर ऐन, २०५२ र नियमावली, २०५३ अनुसार निकासी तथा विक्री आम्दानी र विज्ञापन करको ठेक्का सम्झौता बमोजिम कार्यालयले ठेक्का रकमको १३ प्रतिशत मूल्य अभिवृद्धि कर रकम असुल गरी संघीय संचित कोष दाखीला गर्नु पर्ने उल्लेख गरेको छ। कार्यालयले यस वर्ष चिसाङ खोला ढुंगा गिटी बालुवा ठेक्का लगाउदा आई.ई.ई. गराई उक्त प्रतिवेदन अनुसारको परिमाण ४४७९६३६ घन फिट रहेको र मिति २०७६।०४।२१ मा ३० दिने सूचना नयाँ पत्रिकामा ४४७९६३६ घन फिट परिमाणको रु. २६८७७८१३/- मा वोलपत्र आह्वान गरेकोमा ५ वटा कम्पनीको प्रस्ताव परेको र रु.५५६०००००/- सारभूत रुपमा प्रभावग्राही मूल्यांङकन गरी २०७६/६/५ को निर्णय अनुसार उक्त कम्पनीसँग संझौता गर्ने प्रमुखबाट निर्णय भए अनुसार १५ दिन भित्र संझौता गर्न आउन पत्राचार गरेकोमा सो कम्पनी संझौता गर्न नआएकोले दोस्रो सारभूतरुपमा प्रभावग्राही रु.४३६५००००/- श्री कानेपोखरी वि एण्ड वि कन्स्ट्रक्सनलाई संझौता गर्न आउन २०७६/६/२४ मा पत्राचार गरिएको छ । २०७६/६/२८ सम्ममा रु.१४००००००/- जम्मा गरेकोले अस्थाई कार्यदिश दिन मिति २०७६/६/२८ मा प्रमुखबाट निर्णय भई अस्थाई कार्यदिश दिईएको छ। यस प्रालिको कवोल अंक रु.४३६५००००/- (भ्याट वाहेक) रहेकोमा कार्यालय र प्रा.लि. बीच मिति २०७६ असोज १५ गते सम्झौता अवधि २०७६ असोज १५ गतेदेखि २०७७ साल जेठ मसान्त सम्म हुने, नदीजन्य पदार्थको उत्खनन बिहान सूर्योदय देखि सूर्यास्त सम्म हुने बोलपत्रदाताले कबोल अंकको मू.अ. कर बाहेक रु. ४३६५००००/- मध्ये सूचना वमोजिम १० प्रतिशत छुट कटाई कायम भएको अङ्क रु. ३९२८५०००/- को प्रचलित कानुन बमोजिम बुझाउनुपर्ने मूल्य अभिवृद्धि कर तथा अग्रिम आयकर दोस्रो पक्ष स्वयंले बुझाउनुपर्ने राजस्व भौचरको एक प्रति पालिकामा पेश गर्नुपर्ने लगायत व्यवस्था गरी संझौता गरेको छ। क) ठेक्का बन्दोबस्त गर्ने प्रक्रिया अन्तर्गत २०७६।०५।२६ गते ebidding मार्फत परेका बोलपत्र दाताहरूको मूल्यांकन गरी मिति २०७६।०५।२७ गते सात दिने आसयको सूचना प्रकाशित गरी सम्झौता प्रक्रियामा कारबाही अगाडि बढिरहेको हुँदा असोज १ गतेदेखि नदीजन्य पदार्थको उत्खनन प्रक्रिया खुला हुने भएकोले बोलपत्र दाताहरूको सम्झौता कार्य नटुङ्गिन्जेल सम्मको लागि प्रदेश नं १ सरकारको आर्थिक ऐन, २०७६ को अनुसूची ५ बमोजिमको दररेटमा अमानतमा कर संकलन गर्न मिति २०७६।०६।२८ कानेपोखरी वि एण्ड वि कन्स्ट्रक्सन प्रालि कानेपोखरी ५ मोरङले निवेदन पेश गरेको हुँदा स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६२ को उपदफा ३ बमोजिम ठेक्का सम्झौता नहुँदासम्म उक्त कम्पनीले उठेको रकमको २५ प्रतिशत कमिसन पाउने तर उक्त कमिसनको रकम अधिकतम रु. १०००००/- हुनेगरी कम्पनीलाई अमानतमा कर संकलन गर्ने कार्यदेश दिने निर्णय गरी २०७६।०६।२८ मा प्रालिलाई अस्थाई कार्यदिश दिईएको छ। प्रालिले २०७६ असोज २८ गतेदेखि २०७६ कार्तिक १५ गते सम्म अमानतबाट कार्य गरेको देखिन्छ। तर उक्त अवधिमा के कति परिमाणमा नदिजन्य पदार्थ उत्खनन भयो कार्यालयसँग यकिन तथ्यांक रहेको देखिएन । उक्त अवधिमा प्रालिले के कति रकम वुझाउनु पर्ने हो समेत यकिन हुन सकेन । हाल सम्म अमानतबाट	

	संकलन गरेको रकम संचित कोष दाखिला गरेको देखिएन। उक्त अवधिमा के कति परिमाणमा नदिजन्य पदार्थ उत्खनन गरिएको र वुझाउनु पर्ने रकम कति हो आवश्यक छानविन गरी वुझउनु पर्ने रकम व्याज सहित असुल गर्नुपर्दछ। ख) कार्यालयले यस बर्ष उल्लेखितको ठेक्का सम्झौता गर्दाकै वखतमा संझौतामा आफ्नो कबुल अङ्क रु.४३६५००००/- को प्रचलित कानून बमोजिम बुझाउनुपर्ने मूल्य अभिवृद्धि कर तथा अन्य करहरु दोस्रो पक्ष स्वयंले बुझाउनु पर्ने प्रावधान राखेको तर ठेकेदार वा कम्पनीले संझौता वमोजिमको रकम जम्मा गर्दा सोही समय र स्थानमा मूल्य अभिवृद्धि कर समेत कार्यालयले प्राप्त गर्ने गरी संझौता गरी सो रकम कार्यालयले संघीय संचित कोषमा दाखिला गर्नु पर्नेमा मूल्य अभिवृद्धि कर दायित्वबाट ठेकेदार वा कम्पनीलाई उन्मुक्ति दिनेगरी संझौता गरी मूल्य अभिवृद्धि कर असुल गरी संघीय संचित कोषमा दाखिला गराउने दायित्व कार्यालयले लिएको देखिएन । तसर्थ उक्त मूल्य अभिवृद्धि कर असुल गरी संघीय संचित कोष दाखिला हुनुपर्ने रु......... ग) साथै ठेक्का बन्दोबस्ती सम्बन्धी सूचना प्रकाशन गर्दा बोलपत्रदाताले सम्झौता समयमा कबोल गरेको ठेक्का अंकको सम्पूर्ण रकम एकमुष्ट बुझाएमा १० प्रतिशत रकम छुट सुविधा दिन सकिने उल्लेख छ तर उक्त ठेकेदारले मूल्य अभिवृद्धि कर रकम नवुझएकोले एकमुष्ट रकम बुझाएको छैन । कबोल अकको १० प्रतिशत रु. ४३६५०००/- छुट दिएको छ । यसरी छुट दिन सकिने प्रवधान कानुनमा उल्लेख भएको नदेखिएकोले छुट दिएको रकम असुल तथा बाँडफाँड गरी स्थानीय तथा प्रदेश संचित कोष खातामा दाखिला गर्नु पर्ने रु......... घ) प्रालिले प्रदेश १ को आर्थिक ऐन, २०७६ को अनुसूची ५ बमोजिमको दरमा मूल्य अभिवृद्धि कर थप गरी कर संकलन गरी सोही बमोजिमको रसिद छपाई कार्यालयबाट प्रमाणित गराएर मात्र प्रयोगमा ल्याउनु पर्नेगरी प्रालिसँग कार्यालयले संझौता गरेको छ। प्रालिले चारवटै पालिकाको आई.ई.ई. प्रतिवेदनमा उल्लेखित नाकाहरुमा तोकिएको मापदण्ड परिमाण बमोजिम तोकिएको शर्तको अधिनमा रही उत्खनन् गर्नुपर्ने हाते औजारको माध्यमबाट उत्खनन गर्न असम्भव भई उत्खनन क्षेत्रमा हेवि ईक्युपमेन्ट प्रयोग गर्दा पहिलो पक्षबाट अनुमति लिएर मात्र प्रयोग गर्नुपर्ने ढुंगा गिटी बालुवा र ग्राभल उत्खनन् परिमाणको मासिकरुपमा फाँटवारी कार्यालयलाई अनिवार्य रुपमा पेश गर्नुपर्ने कार्यालयले उत्खनन क्षेत्रको अनुगमन गरी दिएको निर्देशन प्रालिले पालना गर्नुपर्ने संझौतामा व्यवस्था गरेको छ । तर के कति मात्रामा रसिद छापियो के कति परिमाणमा कार्यालयको छाप लगाइयो सोको अभिलेख अद्यावधिक रहेको पाइएन । विभिन्न समयमा स्काभेटर, ब्याकुलोडर र टिपर संचालन गर्न अनुमति दिएको छ । तर के कति प्रकारका मेसिन औजार संचालन गर्न अनुमति दिएको लगत राखेको देखिएन । उत्खनन गरिएको परिमाणको मासिक फाँटवारी समेत प्रालिले पेश गरेको देखिएन। सम्झौता अनुसार रसिद छाप्न प्रालिलाई नै अधिकार दिएकोले उत्खनन गरिएको परिमाण आई.ई.ई. प्रतिवेदन, संझौता तथा प्रचलित कानुन तथा निर्धारित मापदण्ड वमोजिम नै भएकोमा आश्वस्थ हुन सकिएन । ङ) उक्त ठेक्काबाट रु. ३९५९०४४४/- रकम संकलन गरेकोमा ४० प्रतिशत रु.१५८३६१७७/६० प्रदेशलाई छुट्याई बाँकी रु. २३७५४२६६/४० बाट ठेक्का व्यवस्थापन खर्चमा रु. १४२५२५५/९८ छुट्याई रु.२२३२९०१०/४२ मात्र वेलवारी नगरपालिका र कानेपोखरी गाउँपालिका बीच परिमाणका आधारमा वाँडफाँड गरेको छ । निजी क्षेत्र मार्फत ठेक्का व्यवस्थापन गरेकोमा थप खर्च छुट्याउन मिल्ने आधार पेश हुनुपर्दछ ।	५६७४५००/- ४३६५०००/-
	विनियोजन तर्फ	
२४.	**सम्पत्ति हस्तान्तरणः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख त्यसरी कायम भएका नगरपालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा नगरपालिकाले वडागत समेत सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको, कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोबाईल फोन सेट र अन्य	

	फर्निचर जस्ता मूल्यवान समानहरु जिम्मेवारी सार्ने गरेको पाईएन । यसरी जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरु हराउन, हिनामिना हुन सक्ने हुँदा खरिद गरिएका मालसामानहरुको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्यावधिक गर्नुपर्दछ ।	
२५.	**कन्टिन्जेन्सी खर्चः** सार्वजनिक खर्चको मापदण्ड र मितव्ययिता सम्बन्धी निर्देशिका, २०७५ को संसोधन अनुसार कुनै कामका लागि कन्टिन्जेन्सी रकम आवश्यकता नपर्ने भएमा रकम छुट्याउनु हुँदैन सार्वजनिक खरिदमा कन्टिन्जेन्सी रकम निर्धारण गर्नुपर्दा आवश्यकता र मितव्ययिताको सिद्धान्तलाई ध्यानमा राखी आवश्यकताअनुसार ५ प्रतिशतसम्म कन्टिन्जेन्सी रकम छुट्याउन सकिने छ । यसरी छुट्याएको कन्टिन्जेन्सी रकमको कार्यक्रम बनाई अधिकारप्राप्त अधिकारीबाट स्वीकृत गराएर मात्र खर्च गर्नुपर्नेछ । सो रकममध्ये ५० प्रतिशतभन्दा बढी रकम चालू प्रकृतिको शीर्षकमा खर्च गर्न पाइने छैन साथै सो खर्चको विवरण आर्थिक मामिला तथा योजना मन्त्रालयमा समेत पेश गर्नुपर्नेछ । तर कार्यालयले कन्टिन्जेन्सी खर्चको अभिलेख स्पष्ट राखेको छैन । के कति चालू प्रकृतिमा खर्च भएको हो अभिलेख अद्यावधिक हुनु पर्छ ।	
२६.	**आय व्ययको वर्गीकरण र खर्च शीर्षकः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२(२) मा गाउँपालिका/नगरपालिकाले नेपाल सरकारले निर्धारण गरे वमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्वन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने व्यवस्था छ । सो व्यवस्था अनुसार महालेखा नियन्त्रक कार्यालयद्वारा प्रकाशित एकीकृत आर्थिक संकेत तथा वर्गीकरण, २०७४ मा उल्लेख भए अनुसार आय र व्ययको संकेत नंवर तथा वर्गीकरण प्रयोग गरी वार्षिक वजेट तथा कार्यक्रम तयार गर्नुपर्नेमा सो अनुसार गरेको पाइएन । दोश्रो नगर सभाले २०७६/७७ को लागि चालु तर्फ रु ५७ करोड ९१ लाख २१ हजार र पूँजीगत तर्फ रु.४३ करोड ६९ हजार गरी जम्मा रु.१ अर्ब ९१ लाख ९० हजारको वार्षिक वजेटमा आय तथा व्ययका संकेत नम्वर उल्लेख गरेको छैन । वार्षिक वजेटमा योजना सम्वन्धी विवरण र रकम मात्र उल्लेख गरेको देखियो । वजेट बक्तव्यमा व्यय अनुमान उल्लेख गरेकोमा योजनागत विवरणमा जोड जम्मा नगरेको देखियो । योजनागत विवरणमा चालु र पूँजीगत वजेटको स्पष्ट उल्लेख गरेको पाइएन । स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ तथा बजेट सम्वन्धी सिद्धान्त, मूल्य, मान्यता वमोजिम बजेट तथा कार्यक्रम तयार गरेको देखिएन । ऐन नियमको व्यवस्थाको पालना गरेर मात्र बजेटमा व्यवस्था गर्नुपर्दछ ।	
२७.	**उपभोक्ता समितिको छनौट —** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा एक करोड सम्मको लागत अनुमान भएको निर्माण कार्य वा सो सम्बन्धी सेवा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट गराउन सक्ने र यसका लागि सम्बन्धित काम र सेवाको प्रकृति, परिमाण, लाग्ने रकम, उपभोक्ता समिति वा लाभग्राही समुदायको व्यहोर्ने वा व्यहोर्नु पर्ने रकम र अन्य आवश्यक कुराहरु खुलाई सार्वजनिक निकायले सार्वजनिक सूचना प्रकाशन गरी प्रस्ताव माग गर्न वा त्यस्तो समिति वा समुदाय आफैंले प्रस्ताव वा निवेदन पेश गर्न सक्ने व्यवस्था रहेको छ । तर कार्यालयले यस वर्ष उपभोक्ता समितिबाट कार्य गराउँदा संझौता बाहेक संझौता पूर्वका उक्त प्रकृया पालना गरेको कुनै कागजात तथा आधार पेश हुन आएन । यसबाट विकास निर्माण कार्यमा उपभोक्ता समिति छनौटको आधार पारदर्शी र प्रतिस्पर्धात्मक तवरले भएको देखिएन । यसबाट निर्माण कार्यको समय, लागत र गुणस्तरमा असर पर्ने हुँदा उपभोक्ता समिति वा लाभग्राही समूह छनौट गर्दा उक्त नियमावलीको व्यवस्था पालना गरी पारदर्शी र प्रतिस्पर्धात्मक तवरले गरिनु पर्दछ ।	
२८.	**नापी कितावः** निर्माण कार्यको विस्तृत अभिलेखांकनका लागि स्वीकृत ढाँचाको नापी किताब म.ले.प.फा.न.५१२ मा उल्लेख गर्नुपर्ने गरी महालेखापरीक्षकबाट स्वीकृत गराई महालेखा नियन्त्रक कार्यालयले लागू गरेको छ । उक्त नापी किताबमा ठेक्का नं., आर्थिक वर्ष, कार्यालयको नाम, निर्माण व्यवसायीको नाम, कामको नाम र स्थान, चेनेज, काम शुरु भएको मिति, सम्पन्न हुनुपर्ने मिति र सम्पन्न भएको मितिका साथै अघिल्लो बिलसम्म भएको कामको परिमाण र भुक्तानी रकम, हालको बिलबाट भएको कामको परिमाण र भुक्तानी हुने रकम समेत हालसम्म भएको कामको परिमाण र रकम समेत स्पष्ट रुपमा उल्लेख गरी नापजाँच गर्ने, सिफारिस गर्न र स्वीकृत गर्ने कर्मचारीको पद, नाम, हस्ताक्षर र मिति समेत उल्लेख हुनुपर्ने व्यवस्था छ । यसरी तयार गरेको नापी किताब काम तामेल भएको बीस वर्ष पछि मात्र धुल्याउन मिल्ने भनि सरकारी कागजात धुल्याउने	

	नियमावली, २०२७ को अनुसूची ५ को बुँदा नं.३ मा उल्लेख छ । लेखापरीक्षण क्रममा परीक्षण गर्दा कन्टिन्जेन्सी खर्च नापी कितावमा चढाएको पाइएन । नापी किताव तोकिएको ढाँचामा सबै व्यहोरा नखुलाई लुजसिटमा राख्दा आवश्यकता अनुसार २० वर्षसम्म आवश्यक सूचना लिन सकिने अवस्था छैन । लुजसिटलाई नै नापी किताव मान्ने व्यवस्थालाई नियमले छुट दिएको पनि देखिंदैन । तसर्थ नापी कितावमा खुलाउनुपर्ने सबै व्यहोरा खुलाई कार्यालय प्रमुखबाट प्रमाणित गरी नापी नियन्त्रण खाता म.ले.प.फा.न. ५१२ मा अभिलेख चढाई नापी किताव प्रयोगमा ल्याउनु पर्दछ ।	
२९.	**कार्य स्वीकार र कार्यसम्पन्न प्रतिवेदनः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११७ मा सार्वजनिक निकायले सम्पन्न भएको निर्माण कार्य स्वीकार गर्दा कार्य स्वीकार प्रतिवेदन तयार गरी मात्र निर्माण कार्यको भुक्तानी गर्नुपर्ने व्यवस्था छ । यस्तै नियम १२५ मा निर्माण कार्य सम्पन्न भएको तीस दिनमा निर्माण व्यवसायीले एज बिल्ट नक्सा पेश गर्नुपर्ने, त्रुटी सच्चाउने दायित्वको अवधि समाप्त भएपछि स्वीकृत ड्रइङ्ग, डिजाइन, स्पेसिफिकेशन बमोजिम भए नभएको जाँचबुझ गरी कार्यसम्पन प्रतिवेदन तयार गर्नुपर्ने, त्यस्तो कार्य सम्पन्न प्रतिवेदन एक तह माथीको अधिकारी समक्ष पेश गर्नुपर्ने, त्यस्तो अधिकारीले आवश्यक देखेमा जाँचबुझ गराउन सक्ने र जाँचबुझ गर्दा ड्रइङ्ग, डिजाइन, स्पेसिफिकेशन बमोजिम भएको पाएमा निर्माण कार्य स्वीकृत गर्ने व्यवस्था छ । यस आयोजनाले निमार्ण कार्य सम्पन्न भएपछि कार्य स्विकार प्रतिवेदन तयार नगरी कार्यसम्पन्न प्रतिवेदन तयार गरी भुक्तानी दिने गरेको देखियो । निमार्ण कार्य सम्पन्न भएपछि कार्य स्विकार प्रतिवेदन तयार गरी भुक्तानी दिनुपर्ने र त्रुटी सच्चाउने अवधि समाप्त भएपछि सच्चाउनुपर्ने त्रुटिहरु सच्चाएपछि मात्र कार्यसम्पन्न प्रतिवेदन तयार गर्नुपर्नेमा निर्माण कार्य समाप्त हुनासाथै कार्य स्वीकार प्रतिवेदन तयार गरेतापनि त्रुटी सच्याउने अवधि पश्चात कार्य सम्पन्न प्रतिवेदन तयार देखिएन । यसबाट त्रुटी सच्चाउने अवधिको त्रुटिहरु सच्चाएको सूनिश्चित हुने आधार देखिएन । नियमावलीको व्यवस्था बमोजिम कार्य स्वीकार र कार्यसम्पन्न तयार गर्नुपर्ने र कार्यसम्पन्न प्रतिवेदन एक तह माथिको अधिकारी समक्ष पेश गर्ने व्यवस्थाको अनिवार्य व्यवस्था कार्यान्वयन हुनुपर्दछ ।	
३०.	**गुणस्तर परिक्षणः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपूर्ति गरेका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तर वमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ । योजनामा प्रयोग भएको सामानको गुणस्तर परीक्षण गरेको पाइएन । गुणस्तर परीक्षणको व्यवस्था कार्यान्वयनमा ल्याउनु पर्दछ ।	
३१.	**त्रुटी सच्याउने कार्यः** ठेक्का सम्झौता अनुसारको काम सम्पन्न भएपछि आयोजनालाई निर्मित संरचना हस्तान्तरण गर्ने र हस्तान्तरण गरेको मितिले १ वर्षसम्म त्रुटी सच्चाउने अवधि राखी त्यस अवधिमा बिग्रेका काम निर्माण व्यबसायी मार्फत नै सच्चाई कार्य सम्पन्न गर्ने व्यवस्था गरिए पनि कार्यालयले संचालनमा रहेका योजनाहरुको विवरण अद्यावधिक राखी बिग्रेका कामको लागि निर्माण व्यवसायीलाई पूर्ण रुपमा जिम्मेवार बनाई त्रुटी सच्चाउन लगाउनु पर्दछ । त्रुटी सच्चाउनु पर्ने कार्यको ठेक्कागत अभिलेख राखी काममा त्रटी देखिए त्रुटी सच्चाएपछि मात्र कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्दछ ।	
३२.	**पेश्की अनुगमनः** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५२ (क) र नियमावली, २०६४ को नियम ११३ मा निर्माण व्यवसायीले प्राप्त गरेको मोविलाईजेशन पेश्की जम्मा भएको बैंक खाता र पेश्की रकमबाट भएको खर्चको विवरण मासिक रुपमा सार्वजनिक निकायमा पेश गर्नुपर्ने, पेश्की प्राप्त गरेको ३० दिनमा निर्माण कार्य प्रारम्भ गर्नुपर्ने, पेश्की रकम सम्बन्धित काममा प्रयोग भएको नपाइएमा बैंक जमानत जफत गर्ने, संझौता अवधिमा कार्यसम्पादन नगरेको कारण पेश्की फछ्र्योट हुन नसकेमा १०% व्याज सहित पेश्की रकम असुल गर्नुपर्ने व्यवस्था छ । सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५२(क) तथा निर्माण व्यवसायीसँग भएको खरिद सम्झौता बमोजिम कार्य प्रगतिका आधारमा दोस्रो किस्ता मोबिलाइजेशन पेश्की दिनु पर्दछ । यो वर्षको अन्त्यमा निर्माण व्यवसायीको नाममा रु. ७० लाख ८० हजार पेश्की बाँकी भएकोमा ऐन, नियमको व्यवस्था बमोजिम निर्माण व्यवसायीले विवरण पेश गर्ने नगरेका र आयोजनाले पेश्की रकमको अनुगमन गर्ने गरेको	

पाइएन । नियमको पालना गरी पेश्की रकमको अनुगमन गरी कारवाही गर्नुपर्दछ ।

३३. **बोलपत्रः** सार्बजनिक खरिद ऐन, २०६३को दफा २६(६) अनुसार सार्बजनिक निकायले प्रकाशित वोलपत्रमा कुनै बोलपत्रदाताले आपसमा मिलोमतो गरी वोलपत्र दाखिला गरेको प्रमाणित भएमा त्यस्तो वोलपत्र रद्ध हुने व्यवस्था रहेको छ । कार्यालयबाट यस बर्ष वोलपत्रका माध्यमबाट भएका ठेक्का व्यवस्था मध्ये १३ ठेक्का रु.८१९१७४२८/- लागत अनुमान भएकोमा रु.७८५२२७५७/- ठेक्का व्यबस्था भएको देखियो। ति ठेक्काहरुमा लागत अनुमानको ०.५ प्रतिशत देखि ६ प्रतिशत घटिमा मात्र ठेक्का व्यबस्था भएको छ। पर्याप्त प्रतिस्पर्धा हुने गरी ठेक्का व्यबस्था भएको पाईएन ।

३४. **उपभोक्ता समिति मार्फत कालोपत्रे कार्यः** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा उपभोक्ता समितिबाट निर्माण कार्य गराउदा मितव्ययीता, गुणस्तरीयता वा दिगोपन अभिवृद्धि हुने भएमा वा परियोजनाको मुख्य उद्देश्य नै रोजगारी सृजना गर्ने भएमा उपभोक्ता समिति मार्फत गराउने उल्लेख छ । त्यस्तै नियम ९७(९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा लोडर, एक्साभेटर, रोलर, डोजर, ग्रईन्डर, बिटुमिन डिस्ट्युविटर, विटुमिन व्वाईलर जस्ता हेभि मेसिनहरु प्रयोग गर्न सकिने छैन तर लागत अनुमान तयार गर्दाको समयमा हेभि मेसिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनि उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिसमा सार्वजनिक निकायबाट सहमति लिएर त्यस्ता मेसिन प्रयोग गर्न सकिने व्यवस्था भएता पनि स्वीकृत नलिई हेभी मेशिन प्रयोग हुने जटिल प्रकृतिको काम प्रिमिक्स कालो पत्रे गर्ने गरी विभिन्न उपभोक्ता समिति मार्फत निम्म सडकको कार्य गराएको पाइयो । नगरपालिकामा प्राविधिक जनशक्ति इन्जिनियर एक जना मात्र रहेको र कालोपत्रे गर्ने कार्य आर्थिक वर्षको अन्त्यमा भएकोले निर्माण कार्यमा पर्याप्त ध्यान नपुगी गुणस्तरमा कमजोर हुने जोखिम रहेको छ । साथै, उपभोक्ता समितिमार्फत काम गराउँदा प्रतिस्पर्धा नभएको कारणबाट मितव्ययी पनि नहुने भएकोले सो सम्बन्धमा कार्यालयको ध्यान जानु पर्दछ

बाटो	भुक्तानी रकम
कृषि मार्ग धराहरा चोक जनमार्ग कालोपत्रे उपभोक्त समिति	२०९३९३७
बुधबारदेखि त्रिवेणी चोक कालोपत्र उपभोक्त समिति	१९६७१६२
झल्झली मार्ग निर्माण उपभोक्ता समिति बेलबारी १०	१७०७८४१
लक्ष्मीनारायण मार्ग कालोपत्रे उपसमिति बेलबारी ५	२४६७५६२
नन्दलाल मार्ग बेलबारी नगरपालिका ४	२०५५३८६
पुरानो वाउनी देखि जनता मावि जाने सडक कालोपत्रे निर्माण उपभोक्ता समिति	२०४१५३९
नवलवारी पस्चिम कालोपत्रे निर्माण उपभोक्ता समिति	२१८७१३५
मनाल आदर्श टोल वाटो कालो पत्रे तथा ड्रेन निर्माण उपभोक्ता समिति	२०९९१८६
कर्सिया सोमवारे विजय नहर सडक कालोपत्रे उपभोक्ता समिति	३०८०४०४
जम्मा	१९७००१५२

३५. सार्वजनिक खरीद नियमावली २०६४ को नियम ९७(६) अनुसार उपभोक्ता समिति मार्फत कार्य गर्दा उपभोक्ता समिति वा समुदायले हरेक किस्ताको कामको प्राविधिक मूल्याङ्कन बिल भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिति वा समुदायको बैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नुपर्ने व्यवस्था गरेको छ तर यस कार्यालयमा उपभोक्ता समितिमार्फत गरिएका कामको बिल भरपाई पेश गरेतापनि कागजात परीक्षण गर्दा प्राविधिक बिलमा भएको परिमाण र उपभोक्ता समितिले खरिद गरेको निर्माण सामग्रीको परिमाण फरक रहेको पाइएकोले निर्धारित नर्म्स अनुसार नै निर्माणकार्य भएको छ भन्ने आश्वास्त हुने अवस्था छैन । आवश्यक परिमाण भन्दा अधिक खरिद तथा न्यून खरिदको अवस्थामा उपभोक्ता समिति मार्फत गरिएको कामको गुणस्तरीय छ भन्ने अवस्था देखिँदैन

३६. **डिपीआर खर्च —** बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस स्थानीय तहले यो बर्ष कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ ।

क्र	कार्य विवरण	परामर्शदाता	स्वीकृत रकम	खर्च रकम	अध्ययनबाट निर्धारण

स					भएको आयोजनाको लागत
१	कयर खोला रइझार आरसी सी पुल	एस एस इन्जिनियरिङ् कन्सल्टेन्सी काठमाडौं	१८७६९३६.५४	१८५१००७.८	५०५८३५८०.१५
२	अमना सिसौली पर्यटकीय पूर्वाधार विकास	पी.बि.इन्जिनियरिङ एसोसियट प्रा.लि	१६९५०००.	१६९५०००	१५३१३१३५२.७
३	आइ सी टि भवन डी .पी .आर	मिरा कन्सल्ट प्रा.लि.काठमाडौं	१४९२३१५.	१४९०५५०	१०४८६७३९५.१७
४	जनता आवश र कोल्ड स्टोरेज डी.पी.आर	टपकन इन्जिनियरिङ प्रा.लि.काठमाडौं	१८५१०१०.	१८५१०१०	९४९८०४६७.७१
५	फुटबल स्टेडियम डी.पी.आर	नोडल इन्जिनियरिङ प्रा.लि.काठमाडौं	१५०२१७१.	१४९०५२७	२४४११३९१०

३७. बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । प्रतिवेदन पेश गरेपछिमात्र संझौता वमोजिमको रकम भुक्तानी गर्नु पर्नेमा कार्यालयले निम्न अनुसारको डि.पी.आर प्रतिवेदन प्राप्त गरेको नपाईएकोले उक्त कार्यको प्रतिवेदन पेश हुनुपर्ने रु. २२६८०२३/-

भौ.नं. / मिति	योजना	फर्म	रकम
७१/२०७६/१०/७	वेलवारी सपिङ कम्पेक्स तथा कृषि प्रवर्दन केन्द्र	आर डि ईन्जिनियरीङ एसोसिएट प्रालि	३९८८९०
७२-२०७६/१०/७	शैक्षिक अवस्थाको सम्भाव्यता अध्ययन	हिमाल मल्टिप्रपोज डेभलपमेन्ट प्रालि	४९६७४८
२११-२०७७/२/१५	वेलवारी नगरपालिका कृषि क्षेत्रको सम्भाव्यता अध्ययन	हिमाल मल्टिप्रपोज रिशर्च सेन्टर प्रलि	४९७७६५
२१८-२०७७/२/१६	नयां नगरपालिका भवन ल्याण्ड स्कोप र व्यूटिफिकेशन	जारुल इन्फोटेक प्रालि	८७४६२०
		जम्मा	२२६८०२३

३८. **भेरियसनः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११८ बमोजिम खरिद सम्झौता गर्दाको बखतमा पूर्वानुमान गर्न नसकिएको परिस्थिति सो सम्झौता कार्यान्वयनको क्रममा सिर्जना भई ऐनको दफा ५४ बमोजिम सार्वजनिक निकायले भेरिएसन आदेश जारी गर्नुपर्ने भएमा निर्माण कार्यको ड्रईङ, डिजाईन तथा स्पेसिफिकेशन आदि बदल्नु पर्ने वा नपर्ने र बदल्नुपर्ने भएमा निर्माण कार्यको आधारभुत प्रकृतिमा क्षेत्र परिवर्तन हुने वा नहुने कुरा भेरीएसन परिमाणको प्राबिधिक पुस्ट्याइँ र कारण लागत अनुमानमा प्रभाव पर्ने भए सोको प्रतिशत र स्वीकृत बजेट तथा कार्यक्रममा परे वा नपरेको लगायत विवरण खुलाई लागत अनुमान स्वीकृत गर्ने अधिकारप्राप्त सार्वजनिक निकायको प्रमुखले प्रमाणित गरेको हुनुपर्छ । काममा भेरिएसन भएको अवस्थामा भेरिएसन आदेश स्वीकृत गरी राख्नुपर्नेमा भेरीएसन आदेश स्वीकृत गरेको पाइएन । निर्माण कार्य सम्पन्न भइसकेपछि लागत अनुमानको आधारमा कार्य स्वीकार प्रतिवेदन तयार गरी भेरिएसन भएको अवस्थामा भेरिएसन आदेश स्वीकृत गरी राख्नुपर्दछ । संझौता रकम र कार्य सम्पन्नको अवस्था तुलना गर्दा निम्नानुसार देखियो । भेरिएसन स्वीकृत गराएर मात्र भुक्तानी गर्नुपर्दछ ।

योजनाको नाम	फर्म/कम्पनी	वि.ओ.क्यू	कार्य सम्पन्न	फरक
स्वास्थ्य चौकी भवन निर्माण वेलवारी ११	वलिया कन्ट्रक्सन	३२६९३५३.३७	२९०९०२१.८४	-११.०२
हिक्मत डाँडादेखि सिम्पानी चोक सम्मको सैनिक मार्गमा ड्रेन सहित कालोपत्रे	मोरङ कन्सट्रक्न	७०१८०१९.	४११७९५५.०४	-४१.३२
कदम चोक देखि साङ्ली ईनार	आर वान कन्ट्रक्सन	४७४०९१६.८८	१६६५५९२.८	-६४.८७

<table>
<tr><td></td><td><table>
<tr><td>सम्मको वाटो</td><td></td><td></td><td>८</td><td></td></tr>
<tr><td>श्रीप्रा.वि.ट्रस्ट भवन निर्माण बेलबारी ३</td><td>श्लोक कन्स्ट्रक्सन एण्ड सप्लायर्स</td><td>१९०३४२३.१२</td><td>१६७२३९४.</td><td>-१२.१४</td></tr>
</table></td><td></td></tr>
<tr><td>३९.</td><td>भरपाईः आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६(३) मा खर्च गर्दा खर्चको बिलभरपाई सहित लेखा राखुपर्ने व्यवस्था छ । नगरपालिकाले संघीय सरकारबाट हस्तान्तरीत कार्यक्रमको भौचर १४-२०७७/३/१७ बाट निम्न विद्यालयहरुलाई पूँजीगत अनुदान निकासा दिएको छ । सोको कार्यसम्पन्न प्रतिवेदन र विलभरपाई पेश हुनुपर्ने रु.....
<table>
<tr><th>क्र.सं.</th><th>विद्यालयको नाम</th><th>रकम रु.</th></tr>
<tr><td>१</td><td>जनता नमुना मा.वि. वेलवारी ९</td><td>१५०००००/-</td></tr>
<tr><td>२</td><td>कविर मा.वि. वेलवारी २</td><td>७०००००/-</td></tr>
<tr><td>३</td><td>कालि मा.वि. वेलवारी ९</td><td>७०००००/-</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>१६४०००००/-</td></tr>
</table></td><td>१६४०००००/-</td></tr>
<tr><td>४०.</td><td>मूल्यअभिवृद्धि कर भुक्तानीः मूल्य अभिवृद्धि कर नियमावली, २०५३ अनुसार मूल्य अभिवृद्धि कर रकमको ५० प्रतिशतले कर भुक्तानी गर्ने कार्यालयले कट्टी गरी सम्वन्धित करदाताको नामको खातामा दाखिला गर्नुपर्ने व्यवस्था रहेको छ । कार्यालयले देहाय अनुसारको फर्महरुलाई मूल्य अभिवृद्धि कर कट्टा नगरी भुक्तानी गरेकोले सो रकम सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा समायोजन गरेको प्रमाण पेश हुनुपर्ने रु.
<table>
<tr><th>शीर्षक</th><th>भौचर</th><th>मिति</th><th>फर्मको नाम</th><th>मु. अ. कर</th><th>आधा कर</th></tr>
<tr><td>संघीय सरकारबाट हस्तान्तरीत</td><td>२४</td><td>२०७७/३/३१</td><td>मोरङ कन्सट्रक्सन</td><td>१४९८२.३६</td><td>७४९१.१८</td></tr>
<tr><td>नगरपालिका पूँजीगत</td><td>२८६</td><td>२०७७/३/१६</td><td>जय भैरवी कन्ट्रक्सन</td><td>५१८९९.३०</td><td>२५९४९.६५</td></tr>
<tr><td>नगरपालिका पूँजीगत</td><td>३४०</td><td>२०७७/३/३०</td><td>कन्ट्रक्सन कन्सर्न फर्म प्रालि</td><td>३९९५४.९८</td><td>१९९७७.४९</td></tr>
<tr><td></td><td></td><td></td><td></td><td>जम्मा</td><td>५३४१८.३२</td></tr>
</table></td><td>५३४१८/३२</td></tr>
<tr><td>४१.</td><td>नगरपालिका पूँजीगततर्फः वरियाति झार टोल विकास उपभोक्ता समितिलाई नदि नियन्त्रणको कार्यका लागि भुक्तानी गर्दा प्राविधिक मुल्यांकन अनुसार १६८० घना बाँस प्रयोग भएको मूल्यांकन गरिएकोमा उपभोक्ता समितिको विल अध्ययन गर्दा १३१२ वटा बाँस मात्र प्रयोग भएको देखिएकोले प्रयोग नै नभएको ३६८ वटा बाँसको रु. २००/- दरले असुल हुनुपर्ने रु.</td><td>७३६००/-</td></tr>
<tr><td>४२.</td><td>पर्यटकीय पूर्वाधार विकास कार्यक्रम १४-२०७६/७७ बाट अमना र शिशौलिया सिमसार क्षेत्रमा पर्यटन पुर्वाधार विकासका लागि कामको लागत अनुमान रु.४३२३६२८१/६२ रहेकोमा विद्युतीय खरिद प्रणाली मार्फत वोलपत्र आह्वान गरेकोमा एकमात्र वोलपत्रदाता विकास/वाए/एस एस/ भुवनेश्वरी जेभिको ०.३२ प्रतिशत मात्र घटीमा वोलपत्र स्वीकृत गरी रु. ४१५५४८८९.६६ मा संझौता गरी हाल सम्म रु. ८१३०४७०/- भुक्तानी गरेको छ ।</td><td></td></tr>
<tr><td>४३.</td><td>नगरपालिकाले मदन भण्डारी स्मृति प्रतिष्ठान नेपाललाई सि एम ए, अनमी, सामान्य चिकित्सा, नर्सिङ, आइएस्सी (एजि) पशु विज्ञान बाली बिज्ञान, जेटिए, सिभिल ईन्जिनियर , सव ओभरसियर आदि पढ्न नगरका विपन्न विद्यार्थीलाई शैक्षिक ऋण उपलब्ध गराउने प्रतिष्ठानलाई वार्षिक पाँच लाखको दरले पाँच वर्षसम्म उपलब्ध गराउने सम्झौतामा उल्लेख गरिएको छ । ऋण प्रदान गर्दा प्रतिष्ठानको शैक्षिक निर्देशिका अनुसार वेलवारी नगरपालिका भित्रका विद्यार्थीलाई प्रदान गरिने उल्लेख गरी सो रकम विउ पूँजीको रुपमा रहने तथा विद्यार्थीलाई उक्त रकम प्रदान गरेपछि सो रकम उक्त कोषमा नै फिर्ता गर्नुपर्ने व्यवस्था गरेको छ । नगरपालिकाले उपलब्ध गराएको उक्त रकमबाट के-कति विद्यार्थीले ऋण प्राप्त गरे र कोषमा रकम कति फिर्ता प्राप्त भयो सोको विवरण पेश भएन । कार्यालयले निर्धारण गरेको उद्देश्यको आधारमा सो रकम उपयोग भए नभएको अनुगमन गरी रकम दुरुपयोग नहुने सुनिश्चिता हुनुपर्दछ ।</td><td></td></tr>
<tr><td>४४.</td><td>सवारी साधनः सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा ९ मा सरकारी सवारी साधनहरुको</td><td></td></tr>
</table>

पहिचानका लागि सवारी नम्बर सोहि ऐनको अनुसूची २ को खण्ड (घ) बमोजिम सेतो नम्बर प्लेटमा रातो अक्षर र अकंमा हुनुपर्ने उल्लेख भए बमोजिम कार्यालयले आफ्ना सवारी साधनहरुमा सरकारी नम्बर प्लेट राख्नु पर्नेमा निम्न सवारी साधनहरुमा सरकारी नम्बर प्लेट राखेको पाइएन ।

सवारी नम्बर	सवारी साधनको नाम	प्रयोग करता
को २७ प ९२०८	मोटरसाईकल,एफ.जेड.	दिनेश खड्का, सचिवालय
को २७ प ४१९७	मोटरसाईकल, यामाहा	गुणराज तिम्सेना,अ.स.ई.
नामसारी हुन बाँकी	स्कुटी, टि.भि.एस.,एन्टर्क	जिन्सी शाखा प्रमुख

सरकारी सवारी साधनहरुलाई सोहि वर्गको नम्बर प्लेट नराख्दा दुरुपयोग र व्यक्तिगत प्रयोग हुने सम्भावना बढी रहने तथा पहिचानको आधार समेत नहुने भएकाले गाडी पालिकाको नाम सहित सरकारी नम्बर राख्ने कार्य गर्नु पर्दछ। त्यस्तै गरी एक मोटरसाईकल कार्यालय भन्दा वाहिरको प्रयोग गरिरहेको देखियो । यसरी एक कार्यालयको सवारी साधन अर्को कार्यालयको कर्मचारीले प्रयोग गर्नु उचित देखिएन ।

४५. **पेश्कीः** सार्वजनिक खरिद नियमावली, २०६४ अनुसार निर्माण व्यवसायिलाई उपलव्ध गराएको मोविलाईजेशन पेश्की सम्झौताको शर्त अनुसार फछ्र्यौट गर्नुपर्ने व्यवस्था छ । आर्थिक वर्षको अन्त्य सम्म पनि फछ्र्यौट नभएकोले पेश्की रकम असुल फछ्र्यौट गर्नुपर्ने रु. ७०८००००/-

पेश्की लिएको मिति	बजेट उपशीर्षक	फर्म वा कम्पनीको नाम	जम्मा पेश्की
२०७७।३।२४	प्रदेश सरकार समपुरक अनुदान	बिकास वाए एस एस भुवनेश्वरी जे.भी.	३५८००००
२०७७।२।२५	नेपाल सरकार समपुरक अनुदान	मलिका एच टि सी जे.भी.	३५०००००
जम्मा			७०८००००

४६. **कार्यक्रमगत खाताः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३२ (२)(३) मा बार्षिक कार्यक्रम र खर्च गर्ने अख्तियारी प्राप्त गरी बार्षिक कार्यक्रम सञ्चालन गर्ने रकम निकासा माग गरी खर्च गर्नुपर्ने व्यवस्था छ । स्वीकृत कार्यक्रम अनुसार कार्यालयद्धारा सञ्चालन गरिने कार्यक्रमहरु सञ्चालनका लागि बजेट व्यवस्था भै चौमासिक रुपमा सञ्चालन हुने कार्यक्रमको बजेट, खर्च देखिने अभिलेख कार्यक्रमगत राखेको पाईएन । कार्यक्रमगत खाता राखेमा कार्यक्रमको बार्षिक बजेट, कार्यक्रममा खर्च र कार्यक्रम बजेटको अवधारणा अनुसार स्वीकृत बजेट भन्दा बढी खर्च नहुने र कार्यक्रमको प्रभावकारिता र उपलव्धीको मापन समेत यकीन गर्न सकिने हुँदा कार्यक्रमगत खाता व्यवस्थितरुपमा राख्नेतर्फ ध्यान जानुपर्ने देखिन्छ ।

४७. **निमार्ण सामाग्रीको गुणस्तर परीक्षणः** सार्वजनिक खरिद नियमावली २०६४ को निमय ९ (२) मा लागत अनुमान तयार गर्दा गुणस्तर परीक्षण समेत छुट्टै आईटम बनाई लागत अनुमानमा समावेश गर्नुपर्ने र नियम ११ (१) मा गुणस्तर परीक्षण गर्ने व्यवस्था छ । उपभोक्ता मार्फत गराएको निर्माण कार्यको लागत अनुमानमा गुणस्तर परीक्षण आईटम समावेश नगरिएको, ठेक्काद्धारा गरिने निर्माण कार्यको लागत अनुमानमा गुणस्तर परीक्षणको आईटम समावेश गरिएकोमा खर्च दावि नभएको र उपभोक्ता मार्फत वा निर्माण व्यवसायी मार्फत हुने निर्माण कार्यमा प्रयोग भएका निर्माण सामाग्री लगायत निर्माण कार्यको गुणस्तर परीक्षण हुने गरेको देखिएन । निर्माण कार्यको परिमाण सूचीमा गुणस्तर परीक्षणको रकम समावेश नहुनु र भएकोमा रकम न्यून भएको कारणले गुणस्तर परीक्षण नभएको देखिन्छ । गुणस्तर परीक्षण नहुँदा निर्माण कार्य गुणस्तरीय भएको सुनिश्चत हुन नसक्ने देखिन्छ । निर्माण कार्यमा प्रयोग हुने निर्माण समाग्री लगायत निर्माण कार्यको गुणस्तर परीक्षण गरी निर्माण भएको कार्यको गुणस्तर परीक्षण गरी निर्माण भएको कार्य गुणस्तरीय भएको सुनिश्चत हुनुपर्दछ ।

४८. **आयोजना हस्तान्तरणः** सार्बजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१२) बमोजिम निर्माण कार्य सम्पन्न भएपछि सार्वजनिक निकायले सोको रेखदेख, मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समिति वा लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नु पर्ने व्यवस्था छ । यो बर्ष उपभोक्ता

समितिबाट आयोजना सम्पन्न गरेकोमा कुनै पनि आयोजना नियमावलीको व्यवस्था बमोजिम हस्तान्तरण गरको देखिएन । उपभोक्ता समितिबाट कार्य गराउन लागत अनुमान तयार गर्दा मर्मत संभार कोष वापत रकम व्यवस्था गरी बिल भुक्तानी गर्दा कट्टा गरी कोषमा रकम जम्मा नगरेकोले सम्पन्न आयोजनाको मर्मत, रेखदेख तथा उचित संरक्षण हुन नसकी लगानी खेर जान सक्ने हुँदा मर्मत कोषको कट्टी नगरी योजना सम्पन्न गरेको कानुन सम्मत देखिएन ।

४९. **एजविल्ट नक्सा पेश नभएको:** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५(१) मा खरिद सम्झौता बमोजिम निर्माण कार्य सम्पन्न भएको तीस दिन भित्र सम्वन्धित निर्माण व्यवसायीले निर्माण भए बमोजिमको एज विल्ट नक्सा सार्वजनिक निकायमा पेश गर्नुपर्ने व्यवस्था छ । यस बर्ष निर्माण सम्पन्न गरेको विभिन्न निर्माण कार्यहरुको निर्माण भए बमोजिमको नक्सा पेश गरेको देखिएन सम्झौताको शर्तमा समेत नक्सा पेश गर्ने उल्लेख गरेको देखिएन।

५०. **पदाधिकारी यातायात खर्चः** गाँउ तथा नगर सभाका सदस्यहरुले पाउने सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७५ को दफा ३ को अनुसूची-१ (ख) को क्र.सं. ११ मा नगरपालिकाका पदाधिकारीले पाउने यातायात खर्च सम्बन्धी व्यवस्था उल्लेख छ । नगरपालिकाको जिन्सी अभिलेख अनुसार देहायका वडा अध्यक्षहरुले मोटरसाईकल वुझिलिई सवारी साधन सुविधा सुविधा लिएको देखिन्छ । तर वडाध्यक्षहरुलाई ऐन अनुसार मासिक रु. ४,५००।- का दरले यातायात वापतको रकम भुक्तानी समेत लिएकोले दोहोरो सुविधा उपलव्ध गराएको देखिएको हुँदा दोहोरो सुविधा लिने वडाध्यक्षबाट निम्नानुसारको रकम असूल गरी स्थानीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने रु. ४८१९५०/-

क्र.स.	पद	नाम थर	प्रति महिना दोहोरो सुविधा रकम	जम्मा कर बाहेक रकम
१	वडा अध्यक्ष, वडा नं. १	श्री चक्र बहादुर खुलाल	४५००	५३५५०
२	वडा अध्यक्ष, वडा नं. ४	श्री राम कुमार राई	४५००	५३५५०
३	वडा अध्यक्ष, वडा नं. ५	श्री विश्वबन्धु बस्नेत	४५००	५३५५०
४	वडा अध्यक्ष, वडा नं. ६	श्री उदय बहादुर राई	४५००	५३५५०
५	वडा अध्यक्ष, वडा नं. ७	श्री चेत बहादुर बस्नेत	४५००	५३५५०
६	वडा अध्यक्ष, वडा नं. ८	श्री धनपति गौतम	४५००	५३५५०
७	वडा अध्यक्ष, वडा नं. ९	श्री नरेन्द्र खड्का	४५००	५३५५०
८	वडा अध्यक्ष, वडा नं. १०	श्री गंगा बहादुर याखा	४५००	५३५५०
९	वडा अध्यक्ष, वडा नं. ११	श्री यम बहादुर पोखेल	४५००	५३५५०
			जम्मा	४८१९५०

५१. **सल्लाहकार खर्चः** गाँउ तथा नगर सभाका सदस्यहरुले पाउने सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७५ को दफा ३ को उपदफा ३ अनुसार कार्यपालिकाको निणर्य बमोजिम नगर प्रमुखले एक जना निजी सचिवको रुपमा राख्न पाउने व्यवस्था छ । ऐनले सल्लाहकार राख्न पाउने व्यबस्था नगरेकोमा यो वर्ष देहायका ५ जना व्यक्तिहरुलाई विभिन्न सल्लाहाकार नियुक्त गरेको पाइयो । ऐनमा व्यवस्था नभएको सल्लाहकार नियुक्ति गरी नगरपालिकालाई थप आर्थिक व्ययभार पर्ने गरि खर्च लेखेको रकम असुल गर्नु पर्ने रु. १११३४५०/-

क्र स	नाम	पद	मासिक पारिश्रमिक	चाडपर्व खर्च	कट्टी रकम	जम्मा भुक्तानी
१	श्री मुक्तिनाथ सुवेदी	कानुनी सल्हाकार	२००००	२००००	२६००	२५७४००
२	श्री उत्तम पोखरेल	प्रेस सल्लाहाकार	१५०००	१५०००	१९५०	१९३०५०
३	श्री हर्कमान तामाङ	राजनीतिक सल्लाहाकार	२५०००	-	४५०००	२५५०००
४	श्री योगेन्द्र बस्नेत	शैक्षिक सल्लाहाकार	२००००	-	३६०००	२०४०००
५	श्री शिव बराल	आर्थिक सल्लाहाकार	२००००	-	३६०००	२०४०००

जम्मा	१११३४५०

५२. **सूचना प्रकाशनः** पालिकाले विभिन्न मिडियाहरुमा सूचना प्रकाशन गर्दा आर्थिक वर्षको सुरुआतमा नै दररेट माग गरी प्रतिस्पर्धा गराउनु पर्ने व्यवस्था गर्नु पर्दछ । नगरपालिकाले विभिन्न सूचना तथा विज्ञापन प्रकाशन सम्बन्धी कार्य विभिन्न फर्महरु मार्फत गरी रु.९९९८९०।- भुक्तानी गरेकोमा मिडिया फर्महरु बीच कुनै प्रकारको प्रतिस्पर्धाको व्यवस्था गरेको देखिएन । सूचना प्रकाशन गर्दा मिडियाहरु बीच प्रतिस्पर्धा गराई न्यून कबोल गर्ने मिडिया फर्मसँग सेवा लिनुपर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ ।

भौचर	आपूर्तिकर्ता	विवरण	रकम
२२-२०७६।५।१९	ए.एस. एडभर्टाइजिङ,	सूचना प्रकाशन	१४०३६०
२९-२०७६।५।२६	युथ पव्लिकेशन	सूचना प्रकाशन	१४७०००
४९-२०७६।६।०८	स्माईल एड्भर्टाइज	सूचना प्रकाशन	४२७१४
९०-२०७६।६।१६	जे पि मिडिया प्रा.लि.	सूचना प्रकाशन	३३९००
	पूर्व क्षितिज प्रकाशन	सूचना प्रकाशन	६६५५०
१२६-२०७६।७।७	जे.पि. मिडिया प्रा.लि.	सूचना प्रकाशन	४५३०७
२२४-२०७६।८।११	पूर्व क्षितिज प्रकाशन प्रा.लि.	सूचना प्रकाशन	३६७९३
२४४-२०७६।८।१९	इस्टर्न एड्भरटाइजिङ	सूचना प्रकाशन	९६८१८
३०२-२०७६।९।२४	ऐना एड्भरटाइजिङ प्रा.लि.	सूचना प्रकाशन	४६६८०
	पाथिभरा एड्भरटाइजिङ	सूचना प्रकाशन	५३७८८
	सक्रिय मिडिया	सूचना प्रकाशन	१२९०९१
६७६-२०७६।२।११	नागेश्वार मिडिया एण्ड एड्भरटाइजिङ प्रा.लि.	सूचना प्रकाशन	६४०७१
८२२-२०७७।३।२०	टि.वि.आई. पब्लिकेशन	सुचना प्रकाशन	९६८१८
		जम्मा	९९९८९०

५३. **सोझै खरिदः** सार्वजनिक खरिद ऐन २०६३ को दफा ८(२) बमोजिम प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा प्याकेज बनाई खरीद गर्न नहुने व्यवस्था रहेको छ । तर नगरपालिकाले कार्यालय सामाग्री खरिद गर्दा रु. ५ लाख भन्दा मुनिका टुक्रे प्याकेज मार्फत पटक पटक विभिन्न फर्मबाट देहाय अनुसार खरिद गरिएको देखिएको छ । खरिद प्रकृयालाई प्रतिस्पर्धात्मक गराई कानूनी व्यवस्थाको पालना हुनुपर्दछ ।

गो.भौ. नं.	आपूर्तिकर्ताको नाम	प्रयोजन	रकम
११५-२०७६।११।३	न्यू प्रयास छापाखाना	छपाई	२६८९४०
	यासोदा स्टेशनरी एण्ड जनरल सप्लायर्स	कार्यालय सामाग्री	२०४४१७
	न्यू प्रयास छापाखाना	छपाई	१९२१००
	दाहाल सप्लायर्स	कार्यालय सामाग्री	२०७५२५
४७०-२०७६।११।१२	यासोदा स्टेशनरी एण्ड जनरल सप्लायर्स	कार्यालय सामाग्री	४९१५९४
४७३-२०७६।११।१२	राज प्रिन्टर्स	छपाई	३२५१५६
४७४-२०७६।११।१२	कुन्तादेवी छापाखाना	छपाई	२३६७३५
६६४-२०७७।२।७	दाहाल सप्लायर्स	कार्यालय सामाग्री	२९१४२७
६६६-२०७७।२।८	विलिङ सर्पोट	छपाई	२२३७४०
८१४-२०७७।३।१४	विष्णु सप्लायर्स	कार्यालय सामाग्री	४९४०९२

	जम्मा	२९३५७२६	

५४. **आर्थिक सहायताः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा आर्थिक सहायता वितरण सम्वन्धमा उल्लेख भएको छैन। आर्थिक सहायता वितरण सम्वन्धमा मापदण्ड , सीमा र कार्यविधी कार्यपालिकाले नगरपरिषदबाट पारित गरी लागू गरेको पनि देखिएन । नगरपालिकाले कार्यक्रम अन्य सहायता खर्च, दैवि प्रकोप खर्च लगायतका शीर्षकमा रु. रकम विनियोजन गरी आर्थिक सहायता माग गर्नेले पेश गरेको निवेदनमा नगर प्रमुखको तोक आदेश तथा कार्यपालिकाको निणर्यद्धारा रु. यस वर्ष रु. २९,३५,०००।- सहायता वितरण गरेको पाइयो । आर्थिक सहायता वितरण गर्ने मापदण्ड, सीमा र कार्यविधी तयार गरी नियन्त्रित र व्यवस्थित तरिकाले आवश्यकता अनुसार मितव्ययी रुपमा तोकिएको सीमा भित्र वितरण गर्ने र सो को विवरण सार्वजनिक गर्नुपर्ने तर्फ नगरपालिकाको ध्यान जानुपर्दछ ।

५५. **वितरणमुखी कार्यक्रममा खर्च गरेको** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ को उपदफा ३ मा आर्थिक विकास तथा गरिवी निवारणमा प्रत्यक्ष योगदान पुग्ने उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने, स्थानीय वासिन्दाहरुको सहभागिता जुट्ने स्वयं सेवा परिचालन गर्न सकिने, कम लागतमा सम्पन्न गर्न सकिने, स्थानीय श्रोत साधन तथा सीपको अधिकतम प्रयोग हुने, महिला, बालबालिका, पिछडिएका वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने, लैगिक समानता र सामाजिक समावेशीकरण अभिबृद्धि हुने दिगो विकास, वातावरण संरक्षण तथा सम्बर्द्धन गर्न सघाउ पुऱ्याउने, भाषिक तथा साँस्कृतिक पक्षको जगेर्ना र सामाजिक सद्भाव तथा एकता अभिवृद्धिमा सघाउ पऱ्याउने विषयलाई प्राथमिकता दिई योजना तर्जुमा गर्नुपर्ने उल्लेख छ । तर नगरपालिकाले सो ऐनले तोकेका शर्त भन्दा फरक योजना बनाई खर्च लेखेको हुँदा आगामी दिनमा ऐनका शर्त बमोजिम योजना बनाई कार्यान्वयन गर्ने तर्फ दिनुपर्ने देखिन्छ ।

गो.भौ. नं.	भुक्तानि प्राप्त गर्न व्यक्तिको/संस्थाको नाम	प्रयोजन	रकम रु
८४-२०७६।६।१५	श्रमिक महिला समुह	तीज कार्यक्रम	४००००
३४६-२०७६।१०।७	लालिगुँरास बचत तथा ऋण सहकारी संस्था	भारतको पुनेमा अवलोकन भ्रमण	१०००००
५-२०७६।४।८	बेलबारी फुटवल क्लव	फुटवल प्रतियोगिता	२०००००
१६-२०७६।५।१२	दिपेन्द्र राई	खेलकुद कार्यक्रमका सामाग्री खरिद	३००००
७७-२०७६।६।१३	सखुवाटोली टोल विकास संस्था	फुटवल खेल कार्यक्रमका लागि	३५०००
८९-२०७६।६।१६	डाँगीहाट युथ क्लव	लक्ष्मीमार्ग गोल्ड कप संचालन	५५१०००
२२८-२०७६।८।१२	मैनावारी कृषि टोल विकास संस्था	खेलकुद कार्यक्रम	१०००००
२३३-२०७६।८।१५	डाँगिहाट युथ क्लव	फुटवल खेलकुद संचालन	७५००
२३५-२०७६।८।१५	सोमबारे टोल विकास संस्था	साँस्कृतिक कार्यक्रम	९१८०५
२५६-२०७६।८।२३	वडा सचिव बाबुराम ढुंगाना	फुटवल प्रतियोगिता संचालन	१०००००
२९५-२०७६।९।२३	आदर्श टोल विकास संस्था	खेलकुद कार्यक्रम संचालन	३००००
३११-२०७६।९।२८	बाहुनी युवा समुह	खेल सामाग्री खरिद	५००००
३२२-२०७६।१०।५	बेलबारी फुटवल क्लव	खेलकुद प्रतियोगितामा सहभागी हुन	५६०००
३६०-२०७६।१०।९	डाँगीहाट व्याडमिन्टन क्लव	खेलकुद कार्यक्रम	७५०००
३६३-२०७६।१०।९	धनकुटे समाज सेवा क्लव	खेलकुद कार्यक्रम संचालन	१४००००
४१४-२०७६।१०।२२	मनमोहन मेमोरियल क्रिकेट	खेलकुद कार्यक्रम संचालनका	१०००००

	सेन्टर, सुनसरी	लागि सहयोग	
५०७-२०७६।११।१९	मदन भण्डारी स्पोटर्स एकाडेमी	प्रदेश स्तरीय भलिवन प्रतियोगीता संचालनका लागि	१०००००
५२१-२०७६।११।२०	राधाकृष्ण टोल विकास संस्था	खेलकुद कार्यक्र संचालन	१८३०००
५२९-२०७६।११।२०	वाल संजाल वडा नं. ९	खेलकुद प्रतियोगिता संचालन	१०००००
५३४-२०७६।११।२०	सिंहदेवी युवा क्लव	खेलकुद प्रतियोगिता संचालन	१३००००
५५०-२०७६।१२।३	बाहुनी तेक्वान्दो डोजाङ बेलबारी-७	प्रदेश स्तरीय खेलकुद संचालन	१५००००
	बेलबारी नगर सितेरियो कराँते एशोसिएशन	खेलकुद कार्यक्रम संचालन	१०००००
९०४-२०७७।३।२९	स्रष्टा समाज	वेलबारी आइडल संचालन	२४०७५५
९०६-२०७७।३।२९	उमेश खनाल वडा सचिव वडा नं. ९	टोल स्तरीय खेलकुद प्रतियोगिता संचालन गर्न सामाग्री खरीद	९८०००
९३-२०७६।९।१६	मोहन गिरी मर्मत उपभोक्ता समिति	जितिया पर्व कार्यक्रम	४००००
९७-२०७६।६।३०	दुर्गा पूजा व्यवस्थापन समिति	दुर्गा पूजाको लागि	५००००
	थारु कल्याणकारी सभा	जितिया पर्वको लागि	४००००
१०६-२०७६।७।१	थारु कल्याणकारी सभा बेलबारी-५	जितिया पर्वको लागि	४००००
७७-२०७६।६।१३	किराँत राई मुक्ति मुर्चा	सहायत	१८०००
७८-२०७६।६।१३	जे वि टुहुरे फाउण्डेशन, विराटनगर	साँस्कृतिक कार्यक्रम	१०००००
१२१-२०७६।७।६	डाँगीहाट जागृति क्लव	तीज कार्यक्रम	४००००
२१०-२०७६।८।४	थारु कल्याणकारी क्लव-बेलबारी	समा चकेवा पर्व	२५००००
७८५-२०७७।३।१४	जिवन विज्ञान	सहायता	२०००००
७८१-२०७७।३।८	नेपाल आदिवासी जनजाती महासंग नगर समन्वय समिति बेलबारी	साँस्कृतिक तथा पर्यटन महोत्सव -२०७६	७५००००
६३१-२०७६।१।३१	लासाङ्ग छोयालिङ्ग वौद्ध गुम्बा	सोनाम ल्होसार महोत्सव	३००००
		जम्मा	४३६६०६०

५६. **छात्रवृत्तिः** नेपाल आदिवासी जनजाति महासंघ, नगर समन्वय समिति बेलबारीलाई नगर भित्रका विपन्न, जेहेन्दार विद्यार्थीका लागि छात्रवृत्ति वापत पाँच/पाँच लाख गरी जम्मा रु. १०,००,०००।- भुक्तानी भएकोमा आश्विन महिनामा भएको वितरणमा प्रति विद्यार्थी जनही रु. १५०००।- का दरले ३२ जना विद्यार्थीहरुलाई र असार महिनामा भएको वितरणमा जनही रु. १२,०००।- का दरले ४० जना विद्यार्थीहरुलाई रु. ९,६०,०००।- वितरण गरी बाँकी रकम रु. ४००००।- कार्यक्रम संचालनको लागि खर्च भएको छ। वितरणको आधार अध्ययनरत शैक्षिक संस्था, वडा कार्यालयको सिफारिस तथा सम्बन्धित जातजातीको संस्था लगायतको र विद्यार्थीको निवेदनलाई आधार भनाई वितरण भएको छ । तर सामुदायिक शिक्षण संस्था भनिए पनि नवोदय विद्यामन्दिर बोर्डिङ स्कुल, धरानमा अध्ययनरत इसा राई सुनुवारलाई दुईपटक गरी रु. २७,०००।- वितरण गरेको पाइएकोले छात्रवृत्तिले लिएको उद्देश्य र लक्ष्य हाँसिल गर्न सक्ने आधार देखिएन । यसरी वोर्डिङ स्कूलमा अध्ययनरत गर्ने विद्यार्थीलाई अध्ययन खर्च व्यहोर्नु नियमसंगत नदेखिएको रु... ६७०००

५७. **अनुदानको अनुगमन** — सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको

एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । तर पालिकाले देहायअनुसार कृषि र पशु, तथा विभिन्न सहकारी संस्थालाई बीउ पूँजी तथा अनुदानमा रु. २९३१०००।- खर्च लेखेका छन । तर पालिकाबाट बितरण भएको अनुदानको सही सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैन । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीवनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ ।

गो.भौ.नं.	कृषको/कृषक समुहको नाम	प्रयोजन	अनुदान रकम
३८१-२०७६।१०।१५	रमिते महिला कृषक समुह	बाख्रा पालन	२०००००
४०५-२०७६।१०।२	महिला उद्यमी बाख्रा पालन समुह	बाख्रा पालन	२०००००
५२५-२०७६।११।२०	लोहन्द्रा बंगुर कृषि फर्म	बंगुर पालन	२०००००
४०२-२०७६।१०।२०	नमुना कृषक समूह	बाख्रा पालन	२०००००
४०४-२०७६।१०।२०	गोदावरी कृषक समुह	बंगुर पालन	२०००००
४०५-२०७६।१०।२०	लालभित्ती कृषक समुह	बाख्रा पालन	२०००००
४११-२०७६।१०।२१	शान्ति मार्ग कृषक समुह	बंगुर पालन	२०००००
४२१ र ४२२-२०७६।१०।२५	नारी विकास संघ	बंगुर तथा बाख्रा पाठा पाठी बितरण	८३१०००
८३-२०७६।६।१४	कृषकहरुलाई	लिचिको विरवा वितरण	२०००००
८०७-२०७७।३।१७	कृषकहरुलाई	लिचिको विरुवा वितरण	५०००००

५८. **भरपाईः** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६(३) मा खर्च गर्दा खर्चको बिलभरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ ।तर पूर्वाञ्चल सीप विकास तालीम केन्द्रले ढाका कपडा बुनाई तालिममा संचालन गर्नका लागि सम्झौता गर्दा ५ थान ढाका तान मेसिन रु. २००००।- दरले खरिद गरी समुहमा वितरण गर्न भुक्तानी भएको छ । तर तालिम केन्द्रले प्रशिक्षार्थीहरुलाई वितरण गरेको भरपाई पेश नभएकोले वितरण गरेको भरपाई पेश गर्नु पर्ने अन्यथा असुल उपर गर्नु पर्ने रु. १०००००/-

५९. **पावर टिलर ५० प्रतिशत अनुदान कार्यक्रमः** सार्वजनिक खरिद ऐन २०६३ को दफा ८(२) बमोजिम प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा प्याकेज बनाई खरीद गर्न नहुने व्यवस्था छ । त्यस्तै नियमावलीको नियम ८४(१) मा सार्वजनिक निकायले स्वीकृत कार्यक्रम र खरिद योजना अनुसार २० लाख सम्म लागत अनुमान भएको मालसामान, निर्माण कार्य वा अन्य जुनसुकै सेवा शिलवन्दी दरभाउपत्र आह्वान गरी खरिद गर्न सक्ने उल्लेख छ । तर कार्यालयले कृषि विकास नगरस्तरीय कार्यक्रम अन्तर्गत पावर टिलर ५० प्रतिशत अनुदान वितरण गर्दा लागत अनुमान तयार नगरी ९ जना कृषकहरुले भिन्न भिन्दै ९ वटा सर्वोत्तम ट्रेडर्सको विलबाट कृषकले आफ्नो अनुपात भुक्तानी गरी बाँकी कार्यालयले रु. ९,००,०००।- भुक्तानी भएको छ ।यसरी प्रत्येक कृषकहरुलाई भिन्न भिन्दै टुक्रा पारी खरिद गरेको कार्य नियमसंगत नदेखिएको रु. १८०००००

६०. **नापी कितावः** सार्वजनिक खरिद नियमावली २०६४ को दफा १२३(१) मा सार्वजनिक निकायले खरिद सम्झौताको आधार नापी किताब, रनिङ बिल संलग्न गरी भुक्तानी दिनुपर्ने व्यवस्था छ । तर नगरपालिकाले वडा नं. १ को विभिन्न टोलमा सडक बत्ति व्यवस्थापन गर्न रु. ३७७९९९।- भुक्तानी गरेकोमा नापी किताब तयार नगरेको हुँदा वास्तविक रुपमा सडक बत्ति जडान भए नभएको सम्बन्धमा एकिन गर्न सक्ने आधार प्रमाण पेश नभएकोले नापी किताव तथा कार्य सम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने रु. ३७७९९९/-

६१. **सम्झौता भन्दा बढी रकम भुक्तानीः** पालिकाले नेशनल इन्कुवेशन एण्ड रिर्सच सेन्टर प्रा.लि. सँग मिति २०७५।१०।२० मा "जनतासँग सरकार" एप्लिकेशन उपलब्ध गराउने र आगामी आर्थिक वर्ष देखि वार्षिक रु.१,५०,०००।- कार्यालयले मर्मत बापत उपलब्ध गराउनु पर्ने उल्लेख छ । तर पालिकाले यस आर्थिक वर्ष मर्मत वापत रु.१६९५००।- भुक्तानी भएकोमा कर बाहेक बढी भुक्तानी रकम असुल गरी स्थानीय संचित कोषमा दाखिला गर्नु पर्ने रु — १९२०७/-

६२. **सिसि क्यामेरा –** सार्वजनिक खरिद नियमावली २०६४ को दफा १२३(१) मा सार्वजनिक निकायले खरिद सम्झौताको आधार नापी किताब, रनिङ बिल संलग्न गरी भुक्तानी दिनुपर्ने व्यवस्था छ । कार्यालयले नगरभित्रका विभिन्न विद्यालयका लागि भनि रु. १२,३३,३३८।- बराबरको सि.सि. क्यामेरा गोल्डेन फ्रग, ललितपुरबाट खरिद गरिएकोमा कार्यालयले लेखापरीक्षण अवधिसम्म पनि उक्त सि.सि. क्यामेरा जडान गरेको नदेखिएकोले विद्यालयहरुमा यथासम्भव चाँडो जडान गर्न तर्फ ध्यान जानुपर्ने देखिन्छ ।

६३. **जोखिम भत्ताः** ८५५-२०७७।३।२४ नगरपालकाले कोभिड-१९ नियन्त्रणका लागि खटिएका स्वास्थ्य कर्मी र सुरक्षाकर्मीहरुलाई देहाय बमोजिम जोखिम भत्ता उपलब्ध गराएको छ ।

विवरण	दर	संख्या	जम्मा
स्वास्थ्य कर्मी	८०००	६३	५०४०००
सुरक्षा कर्मी	५०००	१२६	६३००००
		जम्मा	११३४०००

६४. **अग्रीम कर कट्टीः** आय कर ऐन २०५८ को दफा ८८ अनुसार सेवा शूल्कको भुक्तानीमा १५ प्रतिशतका दरले अग्रीम कर कट्टी गरी भूक्तानी दिनुपर्ने व्यवस्था छ । तर कार्यालयले कार्यक्रमका लागि भुक्तानी दिंदा देहायका व्यक्ति र फर्म मूल्य अभिवृद्धि करमा दर्ता नभएकोले सम्झौता १५ प्रतिशत कर कट्टा गरी संघीय संचित कोषमा दाखिला गर्नु पर्ने रु. — ८०५१८/-

गो.भौ.नं.	आपूर्तिकर्ता	कार्य	जम्मा भुक्तानी	कर कट्टा रकम	कट्टी गर्नु पर्ने रकम	बाँकी कर रकम
९०३-२०७७/३/२९	योगेन्द्र सुवेदी	पलम्बिङ्ग	१०७५००	१०७५	१६१२५	१५०५०
	रुरल लाइभलिहुड ट्रेनिङ सेन्टर	विद्युत सामाग्री मर्मत तथा जडान	२७५०००	४१२५	४१२५०	३७१२५
८६४-२०७७।३।२७	न्यू भिजन एजुकेशन सोलुशन	लक्षित वर्ग लोक सेवा तयारी कक्षा सञ्चालन	३३०८३२	२१२८२	४९६२५	२८३४३
					जम्मा	८०५१८

६५. **खेलाडी प्रोत्साहनः** नगरपालिकामा खेलकुदको माध्यमबाट रार्ष्ट्रिय, अन्तरार्ष्ट्रिय पहिचान र सम्मान बढाउन भनी मिति २०७६।१२।६ को नगरकार्यापालिकाको निर्यणले सुनवर्षी मेयरकप फुटवल प्रतियोगितामा सहभागी टोलीका २० जना सदस्यहरुलाई जनही रु. ५,०००।- का दरले रु. १,००,०००।- भुक्तानी भएको छ । उक्त प्रोत्साहन रकम सुविधा कार्यविधि तथा मापदण्ड नभई वितरण गरेको हुँदा नियमसम्मत नदेखिएको रु — १०००००

६६. **बढी तलब-** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८४ को उपदफा ४ बमोजिम स्थानीय तहमा प्रमुख प्रशासकीय अधिकृत खटाउने व्यवस्था अनुरुप स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृत नेपाल सरकारले संघीय निजामती सेवाको पद खटाएको अवस्था छ । तर नगरपालिकाले प्रमुख प्रशासकीय अधिकृत श्री प्रदिप शाहलाई स्थानीय तहमा समायोजन नभएको कर्मचारीलाई तलव भुक्तानी गर्दा स्थानीय तहको अधिकृतस्तर दशौ तह बरावरको तलव तथा ग्रेड भुक्तानी भएको देखिएकोले बढी रकम प्रति महिना तलव रु. ७०००।-, ग्रेड रु. २३३ र थप कर्मचारी संचय कोष रु. ७२३ गरी गरी प्रति महिना जम्मा रु. ७९५६।- तथा चाडपर्व रकम रु. ७२३३।- गरी जम्मा रु. १०२७०५।- बढी भुक्तानी भएको देखिएकोले बढी रकम असुल उपर गर्नुपर्ने रु. — १०२७०५/-

६७. **पोशाक खर्चः** ६३७-२०७७।२।१ कार्यक्रम कार्यान्वयन पुस्तिका २०७६/७७ को क्रियाकलाप १.३ मा बाल

विकास केन्द्रका सहजकर्ताको पोशाक खर्च सर्शत अनुदानबाट उपलब्ध गराउने उल्लेख छ । तर नगरपालिकाले वाल विकास सहजकर्ताको लागि पोशाकमा रु. ३०००००।- भुक्तानी गरेको नगरपालिकाको श्रोतमा व्ययभार पारेकोले नियमसंगत देखिएन ।

६८. **प्रोत्साहन भत्ताः** २८९-२०७६।९।२१ र ७९८-२०७७।३।१५ कार्यकर्म कार्यान्वयन पुस्तिका २०७६/७७ मा बाल विकास सहजकर्ताहरुको पारिश्रमिक नेपाल सरकारकोको सर्शत अनुदानबाट उपलब्ध गराउने उल्लेख छ । तर नगरपालिकाको वडा नं. ११ ले वाल विकास सहजकर्ताको लागि मासिक रु. २०००।- दरले ५ जनालाई रु. १,२०,०००।- बजेट विनियोजन गरी खर्च गरेको पाइयो । सशर्त तर्फको कार्यक्रमबाट तलव भत्ता पाउनेलाई पालिकाको स्रोतबाट खर्च गरेको नियमसंगत नदेखिएको रु. — १२००००

गो.भौ.नं.	विद्यालयको नाम	संख्या	प्रति महिना	जम्मा महिना	रमक
२८९-२०७६।९।२१	लक्ष्मी मा.वि.	५	२०००	४	४००००
७९८-२०७७।३।१५	लक्ष्मी मा.वि.	५	२०००	८	८००००
				जम्मा	१२००००

६९. **धरौटी फिर्ता** – सरकारी लेखा निर्देशिका, २०७३ को परिच्छद १२.५ को ङ (आ) मा धरौटी रकम फिर्ता गर्दा उक्त भूक्तानी वापत लाग्ने कर तथा मूल्य अभिवृद्धि कर दाखिला भएको कर कार्यालयको कर समायोजन पत्र पेश हुनु पर्ने व्यवस्था छ । तर नगरपालिकाले देहायको धरौटी फिर्ता दिंदा मूल्य अभिवृद्धि कर दाखिला भएको कर समायोजन पत्र वेगर धरौटी फिर्ता गरेको छ । यसरी फिर्ता गरेको रकमको कर समायोजन प्रमाण पेश हुनु पर्ने रु. — ९५६६२६/-

गो.भौ.नं.	धरौटी फिर्ता लिनेको नाम	रकम
२३-२०७६।८।२३	रोयल अटोइन्टरप्राइजेज, विराटनगर	७०४९८५
३२-२०७६।९।२८	हरि पूर्णिमा कन्स्ट्रक्सन, सुन्दरहरैचा-११	६६८७७
८६-२०७७।२।३१	सुनिल कन्स्ट्रक्सन	६१६०६
९४-२०७७।३।५	चारघरे कन्स्ट्रक्सन, हल्दिबारी	१२३१५८
	जम्मा	९५६६२६

७०. **<u>सामाजिक सुरक्षा</u>**

सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यबिधि, २०७५ को दफा ११ अनुसार गाँउपालिका वा नगरपालिकाले भत्ता पाउने लाभग्राहीहरुको फोटो सहित अनुसूची ५ बमोजिमको मूल अभिलेख अद्यावधिक गरी राख्नु पर्ने व्यवस्था छ । सामाजिक सुरक्षा पाउने व्यक्तिको नामनामेसी, नागरिकता नं., परिचय पत्र नं., फोटो आदि विवरण अद्यावधिक राखी मूल अभिलेख खाता व्यवस्थित गरी सोहि प्रमाणका आधारमा वित्तीय सूचना प्रणाली (MIS) मा डाटा अपलोड गर्दै दोहोरो नपर्ने गरी अभिलेख भिडान हुने गरी राख्नु पर्दछ ।

७१. **सामाजिक सुरक्षा फिर्ताः–** कार्यालयले बैंक मार्फत सामजिक सुरक्षा भत्ता वितरण गरेको पाइयो । यस आर्थिक वर्षमा संघीय सरकारबाट रु. १९५८५२०००।- निकासा भएकोमा रु. १९,३९,२५,१९०।- लाभग्राहीहरुको खातामा जम्मा भएको तथा देहायका बैंकहरुमा रु. १९२६८१०।-मौज्दात रहेको छ ।उक्त रकम फिर्ता गरी संघीय संचित कोषमा दाखिला गर्नुपर्ने रु. — १९२६८१०

क्र.सं.	**बैंकको नाम**	**रकम**
१	सृजना फाइनान्स	४४२६००
२	लुम्बिनी बैंक	५००६१०
३	ग्लोबल आई.एम.ई. बैंक	६१३८००
४	प्रभु बैंक	९२६००
५	सानिमा बैंक	२२४००
६	राष्ट्रिय वाणिज्य बैंक	१४१६००

७	एन एम वि बैंक लिमिटेड	१०३६००
८	सेन्चुरी कमर्सियल बैंक	९६००
	जम्मा	**१९२६८१०**

७२. **कोभिड १९/ प्रकोप व्यवस्थापन कोषः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १४५ अनुसार विषेश परिस्थितिमा ऐनको दफा ६६ बमोजिम एक तहमाथिको स्वीकृति लिएर सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४५ अनुसार खरिद गर्दा सार्वजनिक निकायले खरिदको आवश्यकताको लिखित विवरण गुणस्तर परिमाण शर्त र कार्य सम्पन्न गर्ने अवधि जस्ता विवरण तयार गरी आकस्मिक परिस्थितिको सामना गर्न आवश्यक परिमाण र समय अवधिका लागिमात्र यथासम्भव प्रतिस्पर्धा गराई वा एउटा मात्र निर्माण व्यवसायी आपूर्ति गर्दा परामर्शदाता वा सेवा प्रदायकसँग लिखित दरभाउ वा प्रस्ताव लिई स्वच्छ र उचित मूल्यका लागि वार्ता गरी खरिद गर्नुपर्ने खरिद गर्दा विशेष परिस्थिति सम्बन्धी विवरण तत्काल खरिद नगर्दा सार्वजनिक सुरक्षा हित तथा समुदायिक स्वास्थ्यमा पर्ने संकट र खरिदका अन्य विधि अपनाउन नसकिने कारण आधार खुलाउनु पर्ने त्यस्तै सार्वजनिक निकायले रु. १० लाख रुपैयाँभन्दा बढी रकमको खरिद गरेको भएमा त्यस्तो निकायले त्यसरी खरिद भएको विवरणको सार्वजनिक सूचना प्रकाशन गर्नु पर्नेछ र सो को जानकारी सार्वजनिक खरिद अनुगमन कार्यालयलाई पठाउनु पर्ने व्यवस्था छ। तर यस कार्यालयले कोभिड १९ नियन्त्रणका लागि आवश्यक पर्ने औषधिजन्य सामग्री तथा राहात सामाग्री लगायत खरिद गर्दा लागत अनुमान समेत तयार नगरी खुला दररेट माग गरी तथा सोझै निम्न अनुसारको खरिद गरेको देखियो। साथै सार्वजनिक खरिद अनुगमन कार्यालयमा समेत जानकारी पठएको देखिएन। यसरी कानुनको प्रावधान विपरीत गरेको खर्च नियमसम्मत देखिएन।

गो.भौ.नं.	विवरण	रकम
६-२०७७।१।८	राधानगर खाद्य उद्योगबाट चामल खरिद गरी भुक्तानी	३१२८४००
	सृजना ट्रेड एण्ड सप्लायर्सबाट नुन, साबुन, दाल खरिद गरी भुक्तानी	६५८५००
१०-२०७७।१।२४	काठमाण्डौंमा रहेका ३२५ नगरबासीहरुलाई घर फिर्ता अभियानमा बस भाडा भुक्तानी	४८५०००
१२-२०७७।२।१	ननु, दाल, साबुन खरिद बापत विनिता श्री ट्रेड एण्ड सप्लायर्स प्रा.लि. लाई भुक्तानी	६३३९६८
	चामल खरिद वापत बजरंग लघु उद्योगलाई भुक्तानी	३९८२९५
	सुरक्षाकर्मीलाई पेट्रोलिङ प्रयोजनका लागि गाडी भाडा भुक्तानी	१४७४००
१३-२०७७।२।१	सुरक्षाकर्मीलाई पेट्रोलिङ प्रयोजनका लागि गाडी भाडा भुक्तानी	१४७४००
१६-२०७७।२।८	विन्दबासिनी खाद्य उद्योगलाई चामल खरीद बापत भुक्तानी	२१८६२५०
२१-२०७७।३।८	क्वारेन्टाईन व्यवस्थापनका लागि विशाल टेण्ड हाउसलाई खाना वापतको रकम भुक्तानी	१७७५०५
२४-२०७७।३।१८	धिरनाथ समफुल विश्वास मा.वि. क्वारेन्टाइन निर्माणका क्रममा विद्युत जडान वापत भुक्तानी	३५४४९०
२६-२०७७।३।१८	सुरक्षाकर्मीको पेट्रोलिङ गर्ने गडीको भाडा भुक्तानी	९८८२५
२८-२०७७।३।२२	धिरनाथ समफुल विश्वास मा.वि. क्वारेन्टाइन निर्माण गर्ने क्रममा झ्याल खरिद तथा जडान र तन्ना, म्याट्रेस, कार्पेट, ब्लाङकेट खरिद वापत जे. वि. फर्निचर उद्योग र रोहन सप्लायर्सलाई भुक्तानी	७२३७५१
३५-२०७७।३।३१	औषधि तथा सर्जिकलका सामाग्री खरिद वापत रिद्दि सिद्धि इन्टरप्राइजेज, प्रशान्त सर्जिकल ट्रेड कन्सर्न र एस.आर. मल्टिट्रेड प्रा.लि. लाई भुक्तानी	१३९५३८०
३८-२०७७।३।३१	करेन्टाइन व्यवस्थापन अन्तर्गत खाना खाजाको रकम विशाल टेण्ड हाउसलाई भुक्तानी	३२९४७५

	जम्मा १०८६४६३९		
७३.	**जिन्सी लगत र संरक्षणः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४६(२) मा उपनियम १ वमोजिम जिम्मामा रहेका सरकारी सम्पत्तिको हिनामिना नहुने गरी लगत स्रेस्ता सहित त्यसको संरक्षण गर्ने कर्तव्य त्यस्तो सम्पत्ति जिम्मा लिने कर्मचारी र सम्बन्धित कार्यालय प्रमुखको हुने व्यवस्था छ । आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ५० मा नियम ४६, ४७ र ४८ बमोजिम लगत खडा गरी राखिएको जिन्सी मालसामान के कस्तो अवस्थामा छन् कार्यालय प्रमुखले एक वर्षमा कम्तीमा एक पटक आफैले निरीक्षण गरी वा त्यस्तो मालसामान जिम्मा लिने कर्मचारीबाहेक अन्य कर्मचारी वा प्राविधिकद्धारा निरीक्षण गर्न लगाई त्यसको प्रतिवेदन लिखित रुपमा लेखी वा लिई राख्ने व्यवस्था गर्नुपर्ने व्यवस्था छ । प्राप्त जिन्सि निरीक्षण प्रतिवेदन अनुसार प्राप्त सामानको मूल्य खुलाई दाखिला गर्नु पर्नेमा केहीमा मूल्य नखुलाई दाखिला गरेको पाइयो । सामानको स्पेशिफिकेशन र सम्पुर्ण विवरण खुलाई आम्दानी बाँध्नु पर्नेमा सो नखुलाई खर्च भएर नजाने जिन्सी खाता (म.ले.प.फा.नं.४०८) व्यवस्थित नभएको र आर्थिक वर्षको अन्त्यमा फाँटवाला र कार्यालय प्रमुखबाट जिन्सी खाता प्रमाणित गरी अद्यावधिक राखेको पाइएन।	
७४.	**जिन्सीको व्यक्तिगत अभिलेख खाताः** सार्वजनिक खर्चको मापदण्ड कार्यविधि र मितव्ययीता सम्बन्धी निर्देशिका, २०७५ को दफा १८ अनुसार सवारी साधन, मेशिनरी उपकरण, फर्निचर लगायत कार्यालयले उपलव्ध गराएको खर्च भएर नजाने जिन्सी सामाग्रीहरु प्रचलित जिन्सी खातामा अभिलेख राख्नुका साथै प्रत्येक निजामति कर्मचारी, पदाधिकारी र पदाधिकारीका निजी सचिवालयमा कार्यरत कर्मचारीहरुको व्यक्तिगत रुपमा अलग अलग खाता/पानामा समेत विवरण टिपोट गरी निकायका प्रमुखबाट प्रमाणित गराएर अनुसूची १ बमोजिमको ढाँचामा अभिलेख राख्नु पर्ने व्यवस्था छ । यस नगरपालिकाको जिन्सी खाताको अभिलेख परिक्षण गर्दा अनुसूची १ अनुसारको अभिलेख तयार पारी कार्यालय प्रमुखबाट प्रमाणित गराई राखेको पाइएन । निर्देशिका बमोजिमको अभिलेख तयार नभएकोले कार्यालयको खर्च भएर नजाने जिन्सी सामानको प्रयोग र अवस्था एकिन हुन सकेन । तोकिए वमोजिमको अभिलेख तयार गरी सफ्टवेयरको प्रयोग गरी जिन्सी सामानको सदुपयोग गर्ने तर्फ कार्यालयको ध्यान जानु पर्दछ ।	
	बजेट उपशिर्षक ८०११३४०७३०१ शिक्षातर्फ चालुगत नगरबाट	
७५.	कार्यक्रम कार्यान्वयन पुस्तिका को क्रियाकलाप ३.१ अनुसार सार्वजनिक विद्यालयका विद्यार्थीहरूका लागि निःशुल्क पाठ्यपुस्तक अनुदान दिन प्रतिविद्यार्थी लागतका आधारमा कक्षा १ देखि १० सम्म अध्ययन र विद्यार्थीका लागि निःशुल्क पाठ्यपुस्तक अनुदानमा यकिन संख्याका आधारमा दोस्रो चौमासिक भित्र विद्यालयहरुलाई अनुदान दिने र यसरी अनुदान दिदा पहिलोपटक शैक्षिकसत्र २०७६ को विद्यार्थी संख्याको ७५ प्रतिशत संख्यालाई मात्र अनुदान दिन र २०७७ वैशाखबाट सुरुहुने शैक्षिकसत्रको विद्यार्थी भर्नाको विवरण पाठ्यपुस्तक खरिद तथा वितरण गरेको विवरणको आधारमा यकिन गरी नपुग्ने रकममात्र अनुदान प्रदान गर्ने व्यवस्था छ । कार्यालयले पाठ्यपुस्तकको रकम भुक्तानी गर्दा अद्यावधिक IEMIS तथ्यांक अद्यावधिक नगरेको तथा लकडाउनका कारण विद्यालय वन्द रहेकोले सो अवधिमा पुस्तक खरिद गरि वितरण गरेनगरेको यकिन नगरी पाठ्यपुस्तको थप २५ प्रतिशत रकम भुक्तानी गरेकोले सो रकम २०७७ को IEMIS तथ्यांकसँग भिडान गरी विद्यार्थी संख्याको आधारमा वढी भए असुल गरेको प्रमाण समेत पेशहुनु पर्ने रु.	११०४५६८
७६.	**बढी निकासाः** निम्नानुसारका विद्यालयको निकसा परीक्षण गर्दा बढी निकासा दिइएकोले नियम अनुसार भन्दा वढी भएको निकासा रकम यकिन गरी असुल हुनुपर्ने रु.	३१२००/-

भौ.नं.मिति	विद्यालयको नाम	शिक्षकको नाम	हुनुपर्ने ग्रेड सं.*दर	भएको ग्रेड सं.*दर	वार्षिक बढी ग्रेड रकम
२।०७६।६।९	जनता मा.वि.बाहुनी ९ बेलवारी	मा.वि.तृ. कञ्चन कुमार मण्डल	३* १२००	४*१२००	१५६००
२।०७६।६।९	जनता मा.वि.बाहुनी ९ बेलवारी	प्रा.शि.प्रथम तुलाराम चौधरी	२*१२००	३*१२००	१५६००
				जम्मा	३१२००

७७. **शीर्षक फरकपारी खर्चः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन नियमावली २०६४ अनुसार जुन शीर्षकका लागि खर्च गर्नुपर्ने सोही शीर्षकमा मात्र खर्च गर्नु पर्दछ ।तर निम्न अनुसारको शीर्षक फरकपारी खर्च गरेको देखियो। साथै विद्यालय वन्द रहेको अवस्थामा विद्यालय वन्द रहेको अवस्थामा राउटर व्यवस्थापन इन्स्टलेशन चार्जमा गरेको खर्च पुष्टि हुनुपर्छ।यसरी एक खर्च शीर्षकका लागि प्राप्त वजेट अर्को खर्च शीर्षकमा खर्च गरेको नियम संम्मत नदेखिएको रु.

भौ.नं.मिति	हुनुपर्ने शिर्षक	रकमान्तर गरेको शिर्षक	रकमान्तर रकम
९५।०७७।३।२३	छात्रवृति	पाठ्यपुस्तक	३५०९२१
१३०।०७७।३।३१	छात्रवृति	राउटर व्यवस्थापन इन्स्टलेशन चार्ज	३०००००
		जम्मा	६५०९२१

६५०९२१/-

७८. **स्यानीटरी प्याड** : कार्यालयले विद्यालयका छात्राहरुका लागि आवश्यक पर्ने सेनिटरी प्याड बोलपत्रको माध्यमबाट खरिद गरी विद्यालयलाई हस्तान्तरण गरेको छ। कोभिड-१९ का कारण विद्यालय बन्द रहेको अवस्थामा पनि निम्न अनुसारको ठूलो परिमाणमा खरिद गरेकोले सो आवश्यकता पुष्टि हुनुपर्दछ । साथै विद्यालयहरु वन्द रहेको अवधिमा खरिद गरी पठाइएका उक्त प्याडहरु तोकिएको समुहका विद्यार्थीले प्राप्त गरेको अवस्था नखुलेको र विद्यालयमा गठन भएको यो कामसँग सम्बन्धित समितिले निर्देशिकाको व्यवस्था बमोजिम खर्च गरे नगरेको यकिन गर्न सकिएन । खरिद गरी विद्यालयमा पठाइएका प्याडको प्रयोग अवस्था खुलेको प्रमाण समेत लिनुपर्दछ । खरिद गरिएका सामान सुरक्षित रुपमा भण्डारण तथा विद्यार्थीलाई वितरणको सुनिश्चित हुनुपर्दछ।

भौ.नं.मिति	स्यानीटरी खरिदको शिर्षक	रकम
१२८।०७७।३।३१	सामुदायिक विद्यालयका छात्राहरुलाई निःशुल्क स्यानीटरी व्यवस्थापन	३२१५०६६

७९. **प्रधानमन्त्री रोजगार कार्यक्रमः** प्रधानमन्त्री रोजगार कार्यक्रममा २०७७।३।२२ देखि ३।२६ सम्म संचालन भएकोमा ५९३ जनाले रोजगार प्राप्त गरेकोमा रु २७,१६,३७०।- खर्च गरेको छ ।

भरपाइ वेगरः आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) मा विल भरपाई राखी खर्च लेख्नु पर्ने व्यवस्था छ । कार्यालय प्रधानमन्त्री रोजगार कार्यक्रमको खरिद गरिएको जिन्सी सामानहरु दाखिला एवं समानहरुको वितरण गरेको भरपाइको प्रमाण पेश हुनुपर्ने रु .

६४०६२४/-

भौ.नं.मिति	भुक्तानी लिने व्यक्ति	खरिद सामग्री	रकम
११०।०७७।३।३०	युवराज गुरागाई	कोदालो, हँसिया, कुट्टे, बेल्चा लगायत सामग्रीहरु	६०५९२
१११।०७७।३।३०	बाबुराम ढुङ्गाना	कोदालो, हँसिया, कुट्टे, बेल्चा लगायत सामग्रीहरु	९१४४८
११२।०७७।३।३०	भोलानाथ सुवेदी	कोदालो, हँसिया, कुट्टे, बेल्चा लगायत सामग्रीहरु	११५४२६
११३।०७७।३।३०	रंजना सुवेदी	कोदालो, हँसिया, कुट्टे, बेल्चा लगायत सामग्रीहरु	६५१६४
११४।०७७।३।३०	अभिषेक राई	कोदालो, हँसिया, कुट्टे, बेल्चा लगायत सामग्रीहरु	७६२२५
११५।०७७।३।३०	कपिल प्रसाद पौडेल	कोदालो, हँसिया, कुट्टे, बेल्चा लगायत सामग्रीहरु	१००७१८
११६।०७७।३।३०	उमेश खनाल	कोदालो, हँसिया, कुट्टे, बेल्चा लगायत सामग्रीहरु	३००००
११७।०७७।३।३०	चतुर्भुज	कोदालो, हँसिया, कुट्टे, बेल्चा लगायत सामग्रीहरु	२८९५७
११८।०७७।३।३०	विवेक चन्द्र कार्की	कोदालो, हँसिया, कुट्टे, बेल्चा लगायत सामग्रीहरु	३७५०४

११९।०७७।३।३१	ऐतराज नेपाली	कोदालो, हँसिया, कुट्टे, बेल्चा लगायत सामग्रीहरु	२०४००
१२०।०७७।३।३१	राजेन्द्र खतिवडा	कोदालो, हँसिया, कुट्टे, बेल्चा लगायत सामग्रीहरु	१४१९०
		जम्मा	६४०६२४

८०. **प्रगति वेगर खर्चः** (८४-०७७।३।४) हात्तीपाईले निवारणको औषधी खुवाउने तथा परामर्श सेवा दिने कार्यक्रममा रु २,९१,९०० खर्च गरेको छ । सो कार्यक्रमबाट कति जनसंख्यालाई औषधि खुवाउनु पर्ने हो कतिलाई खुवाईयो। अव कति संङ्ख्यामा खुवाउन वाँकी छ सो समेत खुल्नेगरी योजनावद्ध रुपमा कार्यक्रमको प्रगति तयार गरेको पाईएन ।

८१. **म्याद नाघेको औषधीः** नगरपालिकाको निःशुल्क वितरण प्रयोजनको लागि खरिद गरेको विभिन्न औषधी तथा सर्जिकल सामानहरुको यस आर्थिक वर्षको प्राप्ति, खरिद र मौज्दातको अवस्था हेर्दा देहायको स्थिति देखियो ।

औषधीको नाम	परिमाण	उत्पादन मिति(इ.स.)	म्याद सकेको मिति(इ.स.)
Tab HRZE	६७२	०९।२०१७	०९।२०१९
Iron + folic acid	५००	०७।२०१८	०६।२०२०
Tab Zink	१०००	०५।२०१८	०४।२०२०
Tab HR	१३४४	०२।२०१६	०६।२०१७

जिन्सी व्यवस्थापन प्रभावकारी हुन नसकेको, मौज्दात नभिडेको, institulational supply को छाप नभएको हुदाँ नियमित जिन्सी परीक्षण गर्नु पर्ने तथा आन्तरिक नियन्त्रण प्रणाललाई सुदृढ बनाउनु पर्ने देखिन्छ।

८२. **प्रतिवेदनः** सशर्त अनुदान बापत प्राप्त रकम तोकिए बमोजिम खर्च गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले विभिन्न मितिमा विद्यालयहरुलाई पुस्तकालय, सूचना प्रविधि तथा पुस्तकालय सामाग्री खरीद गर्न भनी रु. १९५००००/- निकासा गरेको छ । तर तोकिए वमोजिमको कार्य भए नभएको, खरीद भएका समानहरु जिन्सी खातामा चढाए नचढाएको, निर्माण कार्य भए नभएको सम्वन्धमा कार्य सम्पन्न प्रतिवेदन लगायतको प्रमाण पेश हुनु पर्ने रु. १९५००००/-

सि.नं.	विद्यालयको नाम	काम	रकम
१	धीरनाथ स.वि. मा.वि. बेलबारी-१०	विज्ञान प्रयोगशाला	६५००००
२	जनता मा.वि. वेलबार-१	पुस्तकालय	६५००००
३	महेन्द्र नि.मा.वि. बेलबारी -६	आई.सि.टि.ल्याव	६५००००
		जम्मा	१९५००००

८३. **अनुगमन तथा सम्परीक्षण** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ मा बेरुजू फछ्र्यौट गर्ने व्यवस्था रहेको छ । सोही ऐनको दफा ८४(२)(घ) मा बेरुजू फछ्र्यौट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । पालिकाबाट गत विगत वर्षमा देखिको अद्यावधिक बेरुजूको लगत खडा गरेको देखिएन ।

८४. **सम्परीक्षणवाट कायम व्यहोरा –** कार्यालयले बेरुजू फछ्र्यौट गरी सम्परीक्षणका लागि पेश भएकोमा देहायनुसार फछ्र्यौट नमिलेकोले नियमानुसार बेरुजू कायम भएको रु. ४४६२३६

सि.नं.	गो.भौ.नं. मिति	पेश्की फछ्र्यौट गर्ने व्यक्तिको नाम	रकम रु.
पालिकाले दफा नं ११० को सम्परीक्षणका लागि पेश गरेको प्रमाणहरु जाचँ गरी सम्परीक्षण गर्दा पेश्की रकम भन्दा घटी रकमको मात्र वितरणको भरपाई पेश भएकोले बाँकी रकम असुल उपर गरी संघीय संचित कोषमा दाखिला गर्न पर्ने			
१	१६-२०७७।३।३१	विवेकचन्द्र कार्की	४२४००
२		वावुराम ढुङ्गाना	१७५२००
३		डिल्लीबहादुर खुलाल	१६८००

आ.व. २०७५/७६ को दफा नं. ९३ मा रहेको श्री जनता मा.वि.को भवन निर्माणको वेरुजू फछ्र्यौट गर्दा कार्यसम्पन्न प्रतिवेदन सहितका कागजातको परीक्षण गर्दा मोरङ कन्स्ट्रक्सनले रु.२,११,८३६।- बराबरको कर विजक पेश नगरेकोले सो रकमको मूल्य अभिवृद्धि कर समायोजन सहित प्रमाण पेश हुनुपर्ने रु.	२११८३६
जम्मा	४४६२३६

८५. **बेरुजू संपरीक्षण** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४(२) (घ) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३९ र ४० अनुसार बेरुजूको लगत राख्ने र फछ्र्यौट गरी सम्परीक्षण गर्ने दायित्व जिम्मेवार व्यक्तिको हुने व्यवस्था छ । । नगरपालिकाले बाँकी बेरुजू मध्ये डोर समक्ष सम्परीक्षणको लागि रु ७५९०७३२५/- पेश गरेकोमा रु.२८४८८७५१/- सम्परीक्षण गरी जानकारी दिईएको छ । डोरमा सम्परीक्षण भएको बेरुजुको विवरण देहाय बमोजिम छ । बेरुजु फछ्र्यौट गर्ने व्यवस्था गरेकोमा निम्नानुसार देखिएको छ ।

आ.व.	दफा	सम्परीक्षणको व्यहोरा र ठहर	फछ्यौंट रकम
२०७५/७६	५१	घार वितरण भएको प्रमाण पेश भएकोले स.प.को लागि निर्णयार्थ पेश गरेको	१५००००
२०७५/७६	५४	केशव ढकालको पेश्की फछ्र्यौट गरेको प्रमाण पेश भएको	२३६०००
२०७५/७६	७०	उक्त सामग्रीहरु दाखिला भएको प्रमाण पेश भएको	२२०८१०७
२०७५/७६	७९	भवन निर्माण कार्य सम्पन्नको प्रमाण पेश भएको	५३१४३५३
२०७५/७६	८५	वितरण गरेको भरपाई पेश भएको	३००००
२०७५/७६	८६	स्वास्थ्य तर्फ पूर्ण खोप संचालनको लागि नै कम्प्युटर खरिद गरेको प्रमाण पेश भएको	४६०००
२०७५/७६	८९	सबै शिक्षकहरुको नियुक्त पत्र पेश भएको	२१९६०००
२०७५/७६	९३	विद्यालयले भवन निर्माण पुस्तकालय,प्रयोगशाला सामाग्री खरिद कार्यको कार्य सम्पन्न प्रतिवेदन पेश भएको	१५००००००
२०७५/७६	९१	बढी भुक्तानी नभएको प्रमाण पेश भएको	६३००००
२०७५/७६	९२	बैंक दाखिला प्रमाण पेश	२०००००
२०७५/७६	९४	छनौट प्रकृया पूरा गरी निकासा भएको प्रमाण पेश गरेको	२०००००
२०७५/७६	९८	विरुवा वितरणको प्रमाण पेश भएको	५६४००
२०७५/७६	१००	ठेक्का विलमा बिमा वापतको रकम कट्टी गरी भुक्तानी दिएको प्रमाण पेश भएको	१४८०९१
२०७५/७६	११०	सामाजिक सुरक्षा तर्फको पेश्की फछ्यौंट भएको प्रमाण पेश भएको	२०७३८००
		जम्मा रु.	**२८४८८७५१**

८६. **संचित कोष र बेरुजूको स्थितिः** पालिकाको संचित कोषको स्थिति, बेरुजू वर्गीकरण र अद्यावधिक बेरुजूको स्थिति क्रमशः अनुसूची १, अनुसूची-२ र अनुसूची-३ मा समावेश गरिएको छ ।

संचित कोषको विवरण

अनुसूची-१

आ.व. २०७६/७७ (रु. हजारमा)

प्रदेश	जिल्ला	स्थानीय तह	महा/उपमहा/नगर/गाउँ पालिका		लेखापरीक्षण रकम	बेरुजू रकम	प्रतिशत	आय						व्यय				मौज्दात बाँकी
								गतवर्षको जिम्मेवारी	संघ तथा प्रदेश अनुदान	राजस्व वाँडफाँट रकम	आन्तरिक आय	अन्य आय	जम्मा आय	चालु खर्च	पूंजीगत खर्च	अन्य खर्च	जम्मा खर्च	
प्रदेश नं.१	मोरङ	वेलवारी नगरपालिका	नगरपालिका		१९२२८७८	९५४८८	४.९७	१०९०५७	५७०६८९	८७०६२	१४३९७२	२०३९५१	१००५६७४	४१४५६४	२५४५७५	२४८०६५	९१७२०४	१९७५२७

बेरुजू बर्गीकरण(विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

अनुसुची-२

आ.व. २०७६/७७ (रु. हजारमा)

प्रदेश	जिल्ला	स्थानीय तह	महा/उपमहा/नगर/गाउँ पालिका	प्रारम्भिक बेरुजू			प्रतिक्रियाबाट फछ्र्यौट			बाँकी बेरुजू			वाँकी बेरुजू								
				दफा संख्या		रकम	दफा संख्या		रकम	दफा संख्या		रकम	अशुल गर्नुपर्ने	नियमित गर्नुपर्ने					पेश्की		
				सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती			अनियमित भएको	प्रमाण कागजात पेश नभएको	राजश्व लगत जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	कर्मचारी	अन्य	जम्मा
प्रदेश नं १	मोरङ	वेलवारी नगरपालिका	नगरपालिका	५२	३१	९५४८८	०	०	०	५२	३१	९५४८८	३३४२०	२६४७७	२८५११	०	०	५४९८८	०	७०८०	७०८०

अद्यावधिक बेरुजूको स्थिति

अनुसूची-३

आ.व. २०७६/७७ (रु. हजारमा)

प्रदेश	जिल्ला	स्थानीय तह	महा/उपमहा/नगर/गाउँ पालिका	गत वर्षको अनुसूचीवाट	समायोजन	गत बर्ष सम्मको वाँकी वेरुजु	सं.प.को लागि अनुरोध भइ आएको रकम	संपरीक्षण भएको रकम	संपरीक्षण गर्न नमिलेको रकम	कारवाही गर्न बाँकी रकम	गत वर्षसम्मको वाँकी रकम	यो वर्षको थप रकम	५८ औं प्रतिवेदन सम्मको वाँकी वेरुजु	५८ औं प्रतिवेदन सम्मको बाँकी वेरुजु मध्ये पेश्की
प्रदेश नं १	मोरङ	वेलवारी नगरपालिका	नगरपालिका	१०७६५३	०	१०७६५३	७५९०७	२८४८९	४७४१८	०	७९१६४	९५४८८	१७४६५२	१२१०५